# पहिलो अध्याय

# परिचय

## १ अध्ययन परिचय

नेपाली समाज बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसाँस्कृतिक सार्वभौमसत्ता सम्पन्न संघीय लोकतन्त्रात्मक राज्य हो । दुई विशाल छिमेकी राष्ट्र  भारत र चीनको  बीचमा अवस्थित एक भुपरिवेष्ठित मुलुक भएका कारण नै पृथ्वीनारायण शाहले यसलाई 'दुई ढुङ्गा बीचको तरुल' को संज्ञा दिएको हुनुपर्छ । यस भित्र बिभिन्न धर्म मान्ने तथा भाषा बोल्ने जातजातीहरु आ-आफ्नो सांस्कृतिक परम्परालाई अबलम्वन गरी बस्दै आइरहेका  छन् ।

नेपाल १२५ विभिन्न सांस्कृतिक चरित्र बोकेका जातजातीहरुको साझा चौतारी हो। तात्विक दृष्टिले सुक्ष्म रुपमा अध्ययन गर्दा नेपालमा प्रधानतः छ प्रकारका जातीको अस्तित्व पाईन्छ । ती क्रमश : नेग्रिटो, आग्नेय, मङ्गोल–किराँत, द्रविड, पश्चिमी वृत्तमुण्ड र आर्य वा नार्डिक हुन् ।[1]नेपालमा विभिन्न सामाजिक राजनैतिक घटनाक्रम वा शासक वंशको उदय र पतनका घटना क्रमलाई लिएर हेर्दा पनि यहाँ 'निप' समुह अर्न्तरगतका गोपाल वंश त्यसपछि आभीर, किराँत, लिच्छवि, मल्ल हुँदै शाह वंशसम्म आईपुगेको पाईन्छ ।  नेपाल प्राचीन समयदेखि नै विभिन्न प्रकारका विशेषता भएका मानव प्रजातिको बसोबास स्थलको रुपमा विकास भएको देखिन्छ । यस तथ्यले पनि यहाँको जातीय विविधतालाई पुष्टि गर्छ । विभिन्न क्षेत्रबाट अनेक वंश तथा जातजातीका मानिसहरु नेपालमा आएर समिश्रण हुने क्रमले गर्दा यहाँको भाषिक, धार्मिक, सांस्कृतिक एवं जातीय बहुलतालाई निकै प्रभाव पारेको देखिन्छ ।

यसै सिलसिलामा मुसलमान  समुदाय पनि इस्लाम धर्म मान्ने नेपालमा परापूर्वकाल देखि बस्दै  आएका एक समुदायहुन् । यिनीहरुले मान्ने धर्म विश्वमा ठूलो जनसंख्याले अंगिकार गर्दै आएका छन् ।  यस धर्मका धर्मगुरु मोहम्मदको जन्म  सन् ५७० मा मक्कामा

---

१ जनक लाल शर्मा, **हाम्रो समाज एक अध्ययन**, (ललितपुरः साझा प्रकाशन,२०३९),पृ. ३८ ।

अब्दुल्लाको पत्नीको गर्भवाट भएको थियो र यिनले किशोर अवस्थादेखि नै मूर्ति पूजाको विरोध गर्न थाले ।

यिनै मोहम्मदको नेतृत्वमा  स्थापित समूह नै कालान्तरमा इस्लाम धर्मावलम्वी भए । नेपालमा मुसलमानहरुको आगमन १६ औं शताब्दीको पूर्वाधमा रत्नमल्लको शासन कालमा भएको हो । यसको लगतै पहाडी क्षेत्रमा चुरौटेको रुपमा परिचय भएर चुरा व्यापारीका रुपमा कार्य शुरु गरे ।[२] नेपालका विभिन्न भागमा बसोबास गरेका मुसलमान मध्य गोरखा जिल्लामा पनि केही मात्रामा रहेको पाईन्छन् । जनगणना २०६८ को तथ्याक अनुसार गोरखा जिल्लामा बसोबास गर्ने मुसलमानको संख्या ५४९५ रहेको देखिन्छ । हाल जिल्लाका अश्राङ्ग ताप्ले, हर्मि,बारपाक, फिनाम,बगुवा आदि गा.वि. स हरुमा यिनीहरुको बस्ती देखिन्छ । यसै सिलसिलामा अश्राङ्ग वडा नं. एकमा बसोबास गर्ने मुसलमान समुदायको सांस्कृतिक पक्षको अध्ययन यस अनुसन्धानमा समावेश गरीएको छ ।नेपालमा वसोवास गर्ने मुसलमानहरुको आफ्नै मौलिक, सामाजिक पक्षहरु रहेका छन् । यिनीहरुको आफ्नै धर्म, चाडपर्व, रीतिरिवाज रहेको पाईन्छ । आर्थिक रुपमा यिनीहरुले हाल आएर विभिन्न व्यवसाय अपनाउनुका साथै उलेख्य रुपमा बैदेशिक रोजगारमा पनि सम्लग्न भएको देखिन्छ

## १.२. समस्या कथन

गोरखा जिल्ला अश्राङ्ग गा.वि.स. वडा नं. १ मा पर्ने भिंगटे क्षेत्रमा मुसलमानहरुको बसाई पृथ्वी नारायण शाहको पालादेखि रहिआएको पाईन्छ । यो ठाउँ हिन्दू  बाहुल्य  भएतापनि मुसलमानहरु पनि  हिन्दूहरुसँगै  बस्दै आएका छन् । यस वडाका  मुसलमान समुदायले आफ्नै धार्मिक परम्परा अनुसार आफ्ना सामाजिक, सांस्कृतिक र धार्मिक परस्परालाई निरन्तरता दिएको पाईन्छ ।हिन्दूहरुको  सर्म्पक र सामिप्यमा  रहेर पनि  आफ्नो धर्म संस्कृति र सामाजिक जीवनलाई यिनीहरुले कसरी संचालन गरीरहेका छन् भन्ने कुरा पत्ता लगाउन यस अध्ययनले सहयोग गरेको  छ । समग्र शोध संगठनको आधारमा यो शोध निम्न  प्रश्नहरुको अध्ययन नै  समस्या हुन् ।

क) यहाँका मुसलमानहरुको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको अध्ययन नहुनु,

[२] डोर वहादुर बिष्ट, **सबै जातको फुलवारी** ,(काठमाडौं :साझा प्रकासन,२०४२) , पृ. ४७।

ख) मुसलमानहरुको जातिय संरचनाहरुमा भएका परिवर्तनको अध्ययन नहुनु,

ग) यहाँका मुसलमानहरुको सामाजिक, सांस्कृतिक पक्षमा आएका परिर्वतनको अध्ययन नहुनु

## १.३. अध्ययनको उद्देश्य

नेपालमा धार्मिक सहिष्णुता भएका कारण यहाँका हिन्दू, बौद्ध, इस्लाम, क्रिश्चियन धर्मावलम्बीहरु आ-आफ्नो धार्मिक परम्परा अनुसारको रीतिरिवाजहरुलाई अनुसरण गर्न स्वतन्त्र रहेका छन् यसै परिप्रेक्ष्यमा यहाँका इस्लाम धर्मावलम्बी मुसलमानहरुले पनि आफ्नै धार्मिक परम्परालाई अनुसरण गरेका छन् । तर वृहत नेपाली समाजको एक भागको रुपमा रहेकोले यिनीहरुमा अन्य समाजको प्रभाव देख्न सकिन्छ । यसरी एक भिन्न मुसलमान समुदायको सामाजिक,सांस्कृतिक तथा आर्थिक जीवनमा कसरी पर संस्कृतिकरण भएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्नु यसको उद्देश्य हो तापनि प्रमुख रुपमा निम्न लिखित कुराहरुको सम्बन्धमा सत्य तथ्य पत्ता लगाउनु यस अध्ययनको उद्देश्य रहेको छ ।

क. मुसलमानहरुको सांस्कृतिक पक्षको खोजपूर्ण अध्ययन गर्ने ,

ख. मुसलमान जातीका सामाजिक संरचनाहरुमा आएका परिवर्तनहरुको अध्ययन,

ग. मुसलमान जातीको सांस्कृतिक तथा आर्थिक पक्षमा देखिएको परिवर्तनको बारेमा अध्ययन गर्ने ,

## १.४. अध्ययनको सीमा

यो अध्ययन इतिहास तथा संस्कृति विषयको स्नातकोत्तरको एक पुरक अध्ययनको रुपमा गरीने हुँदा यस अनुसन्धानबाट आउने नतिजालाई सामान्यकरण गरी सम्पूर्ण मुसलमान जातीको बारेमा विश्लेषण गर्दा पुरा नहुन सक्छ । त्यसैगरी अध्ययनको सिलसीलामा गोरखा जिल्ला अश्राङ्ग गा. वि. स. वडा नं १ झिंगटे गाँउमा मात्र केन्द्रित रहने छ ।यहाँ करिब १२० घरधुरी छन् र जहाँको जनसंख्या ९३३ मात्र रहेको छ । यस ठाँउलाई छनोट गर्नुको कारण मा यहाँका मुसलमान जातीहरुको बारेमा अध्ययन अनुसन्धान भएको नपाइनु तथा शोध कर्ताको आफ्नै गा.वि.स. भएकाले यहाँको परिस्थिति बुझ्न सजिलो हुने र

आर्थिक रुपले पनि कम खर्चिलो हुने हुँदा यो अध्ययन क्षेत्र चयन गरीएको हो। साथै यस अध्ययनमा यस क्षेत्रका मुसलमानहरुको सामाजिक ,आर्थिक तथा सांस्कृतिक क्षेत्रका विभिन्न विषयहरु रहेका छन् ।

## १.५. अध्ययनको महत्व

नेपाली समाजमा अन्य जातजाती जस्तै मुसलमान पनि आफ्नै विशिष्ट स्थान ओगटेका छन् तापनि अहिलेसम्म यस जातीको बारेमा अध्ययन अनुसन्धान धेरै भएको छैन् । आफ्नै मौलिक धर्म र यसको परिधिभित्र रहेर गरीने सामाजिक सांस्कृतिक व्यवहारहरुले यो जातीलाई एक अलग समुदायको रुपमा राख्न मद्दत गरीरहेको छ भने अर्को तिर वृहत नेपाली समाजमा बस्दा पर्न गएको बाह्य प्रभावलाई यिनीहरुले कसरी र कुन रुपमा लिएर आफ्नो मौलिकतालाई अगाडि बढाईरहेका छन् भन्ने कुरा पनि यस जाती सम्बन्धी गरीने अध्ययनको एक टड्कारो पक्ष हुन आउँछ । त्यसैले यस अध्ययनले थोरै भएपनि यी कुराहरुको बारेमा जानकारी प्रदान गर्दछ । अर्कोतर्फ समाजशास्त्रीय दृष्टिकोणबाट यी जातीहरुमा भएको परसंस्कृतिकरण प्रकृयाको अध्ययन पनि उत्तिकै महत्व रहेको छ । यी जनजातीहरुमा हिन्दू धर्ममा भन्दा बेग्लै विवाह पद्धति, नातेदारी प्रथा,चाडपर्व,रीतिरिवाज भएको तथा एउटा छुट्टै धार्मिक अस्थित्व रहेको समुह,अन्य धर्माबलम्वीको भन्दा पृथक मूल्य मान्यता परम्परा र विश्वास लिएको यस समुदायले गोरखा जस्तो हिन्दूहरुको बाहुल्यता रहेको क्षेत्रमा अल्पसंख्यक रुपमा रहेर पनि यो समुदायको धार्मिक निरन्तरता कसरी अगाडि बढेको छ भन्ने कुराको अध्ययन गर्नु उतिकै महत्वपूर्ण रहेको छ ।यस अध्ययनले मुसलमान जातीको सांस्कृतिक पक्षको खोजपूर्ण अध्ययन गर्नुको साथै यिनीहरुमा आएको परिवर्तनलाइ पनि अध्ययनमा समेटिएको छ ।

## १.६. पूर्व साहित्य समीक्षा

मुसलमान जातीका बारेमा विभिन्न विद्वानहरुबाट अध्ययन गरी प्रकासन गरीएका ग्रन्थहरु थोरै मात्रामा प्रकासित भएका छन् केही शोधार्थीहरुले पनि आफ्नो स्नातकोत्तर उपाधिका लागि तयार पारिएको शोध ग्रन्थहरु पनि पाईन्छ । तसर्थ यी कृर्तिहरुले यस प्रस्तावको सबै विषयलाई समेट्न नसकेता पनि ति कृर्तिहरु बारे छोटो विवरण प्रस्तुत गरीएको छ । मुसलमानहरु इस्लाम धर्मावलम्वी हुन् र यिनीहरुको सामाजिक तथा सांस्कृत जीवनमा

उनीहरुको धर्मले ठूलो प्रभाव पारेको हुन्छ । भगवानले मानवीय जीवन बिताउनका लागि दिएका मार्ग दर्शन यिनीहरुका लागि आर्दशका रुपमा रहेको हुन्छ । जस्तो कि प्रार्थना, शिक्षा,तीर्थ यात्रा,उपवास र दैनिक जीवन समेतलाई यस अवधारणाले प्रभावित पारेको छ । मुसलमान जातीहरुको बारेमा विभिन्न विद्वानहरुद्धारा अध्ययन गरी प्रकासमा ल्याएका ग्रन्थहरु अत्यन्तै न्युन रहेका छन् भने स्नातकोत्तर तहको आंशिक परिपूर्तिका लागि तयार पारिएका शोधपत्रहरु भने केही पाउन सकिन्छ । विभिन्न कृर्तिहरु जो मुसलमानहरु संग सम्बधित रहेका छन् ती मध्य केही कृर्तिहरुको वारेमा संक्षिप्त विवरण यस प्रकार रहेको छ ।

*डोर वहादुर बिष्ट,* **सबै जातको फूलवारी** , काठमाडौं : साझा प्रकासन ,२०४२ ।

मुसलमानका सबै भन्दा पहिला पुर्खा पन्ध्रौं शताब्दीको अन्त्यतिर र सोह्रौं शताब्दीको सुरुतिर लद्दनवको वाटो हुँदै तिब्वत पसेर आएका काश्मिरी मुसलमान थिए भन्ने कुरा *डोर वहादुर बिष्ट***ले** उक्त पुस्तकमा उल्लेख गरेका छन् । त्यतिबेलासम्म उनीहरु कम्मल,गलैचा, दोसल्ला आदिको व्यापार गर्न काश्मिर तिब्वत ओहोर दोहोर गर्दै थिए । राजा रत्नमल्लका प्रतिनिधि सँग ल्हासामा भेट भएपछि उनीहरुलाई काठमाडौं बोलाइयो र उनीहरुले हातहतियार बनाउन र चलाउन सिकाउनका लागि चौबिसे राजाका पालामा पश्चिम पहाड तिर पसेका थिए । तीबाहेक स्वतन्त्र व्यापार गर्न पसेका मुसलमानहरुलाई पश्चिम पहाडमा " चुरौटे"भन्ने चलन छ । तराईमा बस्ने मुसलमानहरु चाँहि मधेसका बाहुन राजपुत तथा अरु जसरी जहिले देखि आएर बसी खेती र व्यापार गरेका हुन् त्यसैबेला देखि नै उनीहरु पनि त्यसरी नै रहेका हुन् त्यसैले तराई र काठमाडौंका केही मुसलमानहरु उर्दू भाषा बोल्ने गर्छन् भने धैरै जसोका लागि स्थानीय भाषा नै आफ्नो भाषा भएको छ । अलग मुस्लिम भाषाको आवश्यकता परेको छैन त्यसैले नेपाली मुसलमान अलग उत्पति भएका तथा खास जाती भएका नभै कारणवस अलग धार्मिक सांस्कृतिक परम्परालाई पछ्याएका वर्ग हुनाले नत अनुहारमा फरक देखिन्छन नत पोशाकमा नै । त्यसैले नेपालमा धैरै जसो अवस्थामा कुनै जातीय वा धार्मिक समस्यामा अल्झिनु परेको छैन ।

नेपालका मुसलमानहरुको पेशा मुख्यगरी कृषि र व्यापार नै हो । जसमा पहाड तिर हिउँदमा घरघरै डुलेर चुरा बेच्ने काम गर्छन् । नेपालका मुसलमानहरु दुई वर्गमा विभाजित छन् । पहिलो वर्गमा शैयद,शेख,पठान र मुगल गरी चार थरिका छन् । शैयद र शेख अरबका सन्तान हुनाले इस्लामका सस्थापक मुहम्मदको आदि कालदेखिको इस्लाम धर्मावलम्वी हुन्

भन्ने विश्वास गरीन्छ । पठान भन्ने हरु अफ्गानिस्तानबाट आएका र मुगल भन्नेहरु उहिलेका तुर्कहरुका सन्तान हुन् भनि भन्दछन । दोश्रो श्रेणी का मुसलमान चाँहि पछि मुसलमान तुल्याइएका भारतीयहरुका सन्तान हुन् । अन्सारी सब्जी, फरोस, धोबी आदि पहिलो श्रेणीमा पर्छन् । पश्चिम पहाडका चुरौटेहरुमा मियाँ र फकिर भन्ने दुई थरी हुन्छन् । यी सबै थरीका मुसलमान एउटै देवता खुदा र पैगम्वार मोहम्मदलाई मान्दछन् । यिनीहरुले मनाउने इद पर्वमा रमजानको महिना भरि ब्रत बस्ने रोजा नै मुख्य हो । इस्लामिक वर्षको नवैं महिना लाई रमजान महिना र त्यसमा बस्ने ब्रत लाई रोज भनिन्छ । यो चन्द्रमासको हिसावले महिना गन्नु पर्ने हुदा वषै पिच्छे घुम्दै जुन महिनामा पनि पर्न सक्छ । वक इद,मोहरं, मेराज आदि पर्व मनाउछन् । मुसलमानहरु शुक्रवार मस्जिदमा गई नमाज धर्मग्रन्थ पाठ गछन् ।यिनीहरुको विवाह र मृत्यु संस्कार पनि फरक छ । एउटै आमाका दुध नखाएका भए दाजु बहिनी बिच पनि विवाह गर्न मिल्छ भने मुर्दालाई धोई पखाली गरेपछि कपुर चन्दन आदि सुगन्ध लेपन गरी चिह्नमा लगेर गाडी दिन्छन् । सक्नेले त्यसमाथि स्मारक पनि बनाइदिने चलन छ ।

*शान्ती भुसाल,* **पोखरा कुडहरका मुस्लिमहरुको सामाजिक,सांस्कृतिक तथा धार्मिक जीवनको अध्ययन**, अप्रकाशित ,२०४६ ।

पोखरा कुडहरका मुश्लिम समुदायहरुमा देखा परेको परिर्वतनको उल्लेख *शान्ती भुसालले यस शोधमा प्रस्तुत* गरेको पाइन्छ । उनका अनुसार इस्लामिक धर्मावलम्वी भएता पनि नेपाली समाजमा बस्ने भएकाले कुडहरका मुस्लिमहरुमा नेपाली परम्पराको छाप परेको छ । खान पिन ,पहिरन, भाषा, विवाह आदि आफ्नो अनुसार चल्नु पर्नेमा केही परिवर्तन गरी लागु गरेका छन् । उनीहरुले अनिवार्य लगाउनु पर्ने बुर्का समेत नलगाएको पाइएकाले उनीहरुले उद्वार दृष्टिकोण अपनाएको पाईन्छ ।

*टंक प्रसाद दुलाल,* **विश्वका प्रमुख कानूनी प्रणालीहरु : काठमाडौं, पैरवी प्रकाशन, २०५४।**

“भगवान एउटा मात्र हुन्छन् कर्म नगरी अधिकार प्राप्त हुन सक्दैन सबै मानिसहरु समान छन् कसैंलाई पनि विशेषाधिकार प्राप्त छैन्” पैगम्वर मोहम्मदले ईश्वरकै वाणीमा सुनेका थिए । त्यसलाई यिनले जनसमक्ष ल्याए तर लिपिबद्व गरेनन् उनी पछिका अर्का बिद्दान् अगुबकले यी कुराहरुको नियम बनाई यसको संग्रह गरीदिए तर उनले पनि लिपिबद्व

गरेनन् । अर्का बिद्वान ओसवानले पैगम्वर मोहम्मद बाट सुनेका र अगुवकले संग्रह गरेका इश्वरीय वाणीलाई लिपिवद्ध गरेर जन समक्ष ल्याइदिए त्यसैलाई "कुरान" भन्दछन् । यीनै मुसलमान जातिको सामाजिक तथा धार्मिक जीवनको महत्वपूर्ण श्रोत हो । यस धर्ममा पनि सुन्नी र शिया दुई सम्प्रदाय छन् । यिनीहरुको सामाजिक तथा सांस्कृतिक जीवन आ.आफ्नो सम्प्रदाय बमोजिम नियमित भएको हुन्छ ।

*मौदूदी,* मौलाना,*सैयूयद अबूल आला,* **इस्लाम दर्शन,काठमाडौं,इस्लामी संघ** नेपाल-२०५६

यस पुस्तकमा संसारमा जति पनि धर्महरु छन् तीमध्ये प्रत्येकको नाम कि त कुनै बिशेष व्यतिको वा कुनै जातिको नामवाट राखिएको पाईन्छ उदाहरणका लागि ईशाइ धर्मलाई यस धर्मका प्रचारक इशा मसीह नाम बाट इशाई, गौतमबुद्ध को नाम बाट बुद्ध धर्म राखिएको छ। यहुदा नामी एक विशेष जातमा जन्मेको हुनाले यहूदी धर्मको नाम राखिएको हो । तर यस धर्मको सम्वन्ध कुनै व्यक्ति वा जातिसंग छैन यसको यही मूख्य विशेषता हो जसको सम्बन्ध इस्लाम शब्द र यसको अर्थ सँग छ ।

*टंक के.सी.,***नेपालको संस्कृति पर्यटन र प्रकृति : काठमाडौं**, लोक संगित कला अकादमी, नेपाल प्रथम संस्करण, २०६१ ।

बि.स. १५४० देखि १७९० ताका मल्ल राजा बिरामी हुँदा मुसलमान धर्म गुरुलाई बाहिरबाट बोलाई ल्याएको र नेपालका राजाले हालको रानीपोखरी घण्टा घर नजिकै बिर्ता दिई त्यहाँ मस्जित बनाइ धर्मकर्म गर्न दिएपछि मुसलमानहरु नेपालमा औपचारिक रुपमा बसोबास गर्न सुरु गरेको भनी *टंक के.सीले आफ्नो* पुस्तकमा बताएको पाईन्छ।

*महेशकुमार आचार्य,* **गण्डकी क्षेत्रका मुसलमानहरुको संस्कृति र सांस्कृतिक परिवर्तन** :अप्रकाशित, २०१० ।

गण्डकी क्षेत्रमा मुख्य केन्द्रविन्दु बनाई गरिएको अध्ययनमा *महेशकुमार आचार्यले* नेपालको पश्चिमी पहाडमा बसोबास गर्दै आएका र तराई एवं काठमाडौंका मुसलमान भन्दा भिन्न सांस्कृतिक विशेषतायुक्त मुसलमानहरु नै गण्डकी क्षेत्रका मुसलमान हुन् ,जसलाई पहाडी मुसलमान पनि भनिन्छ । नेपालमा मुसलमानहरु सामाजिक रुपमा काश्मीरी ,इराकी, तिब्बती र भारतियमूलमा विभाजित रहेका छन् । काठमाडौंमा स्थायी बसोबासको उद्देश्यले पहिलो पटक काश्मीरी मुसलमानहरु रत्न मल्लको राज्यकालमा सन् १४९१ तिर भित्रिएका थिए भने तराई क्षेत्रमा अठारौं शताब्दीदेखी प्रवेश सुरु भएको थियो । त्यसैगरी गण्डकी क्षेत्रको पाल्पा जिल्ला बाट मुसलमानहरुको बसोबास शुरु भएको सङ्केत पाइन्छ । शाह राजाहरुको राज्य स्थापनासंगै गोरखाको डुम्रे ,बज्रे तथा गोब्रे जस्ता पुराना मुसलमान

बस्तीहरु विस्तार भएका थिए । अश्राङ्गमा राम शाहको पालामा (सन् १६०३ देखि १६३३) मुसलमानहरुको बस्ती बसेको थियो । श्रृङ्गारका सामानहरुको निर्माण र आपूर्ति गर्न ,हतियार निर्माण गर्न र तालिम दिन , व्यापार गर्न तथा इस्लामिक विधिको उपचार गर्न भनी नेपाल ल्याएको बुझिन्छ ।

## १.७ शोध विधि

### १.७.१ शोध ढाँचा

यो अध्ययन स्थलगत अनुसन्धानको आधारमा तयार गरीएको छ । खोजपूर्ण रुपमा यसले सम्बन्धीत क्षेत्रका मुसलमानहरुको जीवनशैली, सामाजिक तथा सांस्कृतिक मान्यता, परसंस्कृतिकरणको अध्ययन गरीएको छ भने व्याख्यात्मक रुपमा यसले गोरखा जिल्ला अश्राङ्ग गा.वि.स. वाड नं. एकका मुसलमानहरुको सामाजिक तथा सांस्कृतिक जीवनको व्याख्यात्मक टिप्पणी गरीएको छ ।

### १.७.२ तथ्याङ्क संकलन विधि

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्न प्राथमिक तथा द्धितीयक दुवै विधि अपनाईएको छ । जसमा द्धितीयक विधि अन्तर्गत मुसलमान समुदायसंग सम्बन्धीत पूर्वप्रकाशित तथा अप्रकाशित पुस्तकहरु,पत्रपत्रिकाका लेख रचनाहरु,जि.वि.स तथा गा.वि. स.काश्रोतहरुबाट संकलन गरीएको छ भने प्राथमिक श्रोत अर्न्तरगत निम्न लिखित पद्दति प्रयोग गरीएको छ ।

#### १.७.२.१ प्राथमिक स्रोत

क) अवलोकन

यस अध्ययनमा मुसलमान जातीहरु बसोबास भएको स्थानमा पूर्ण सहभागी भई उनीहरुको सामाजिक तथा सांस्कृतिक पक्षको बारेमा सम्बन्धीत व्यक्तिहरुसँग सूचनाहरु संकलन गरीएको छ ।

ख) **अन्तरवार्ता**

यस शोधका लागि सख्यात्मक तथ्याङ्क संकलन गर्ने क्रममा प्रश्नावली तयार पारी २५ घरधुरीका घरमुलीसंग अन्तरवार्ता लिइएको छ । त्यसैगरी अवलोकन र विशेष व्यक्तिहरुसँगको अन्तरवार्ताबाट प्राप्त हुन नसकेको जनसांख्यिक विवरण, पेशा, शिक्षा,

आम्दानी उमेर आदि बारेमा जानाकारी लिइएको छ ।प्रश्नावलीको निमार्ण गरी अवलोकन र अन्तरवार्ताबाट प्राप्त हुन नसकेका सूचनाहरु यस विधि बाट संकलन गर्नका लागि सरल र सान्दर्भिक प्रश्नहरु  समावेश गरी आवश्यक प्रश्नावली तयार पारिएको  छ ।

**ग) विशेष व्यक्तिसँग अन्तरवार्ता :**

यस विधिको प्रयोग शोधका लागि आवश्यक  पर्ने गुणात्मक सूचना संकलन गर्न मुसलमान समुदायहरु भित्रकै जान्ने बुझ्ने पाको तथा यस जाती सम्बन्धि अध्ययन गरेका विभिन्न विधाका व्यक्तिहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरुसँग अन्तरवार्ता लिइएको छ ।यस प्रकारको अन्तरवार्ता लिदा  मुसलमान  जातीको यस क्षेत्रमा बसोबास गरेको समय, विकसीत संस्कारहरु, मूल्य मान्यता आदिका  बारेमा आधारित रही लिइएको छ ।

### १.७.२.२ द्धितीयक स्रोत

द्धितीयक स्रोत अन्तर्गत मुसलमान जातीसँग सम्बन्धीत पूर्वप्रकाशित तथा अप्रकाशित पुस्तकहरु,पत्रपत्रिकाका , लेख रचनाहरु ,जि.वि.स तथा गा.वि. स.को श्रोतहरुबाट  संकलन गरीएको छ ।

### १.७.३ नमूना छनोट विधि

यसको अध्ययन क्षेत्र गोरखा जिल्लाको अश्राङ्ग गा.वि. स. मा बसोबास गर्ने मुसलमान समुदायको सामाजिक, आर्थिक एवंम् सांस्कृतिक  अध्ययनसंग सम्बन्धीत रहेको छ । यस गा. वि.स. को वाड नं. १ झिंगटेमा बसोबास गर्ने  १२० घरधुरी मध्य  करिब २० प्रतिशत घरधुरी (२५ घरधुरी) लाई साधारण नमूना छनोट विधि अन्तरर्गत चिठ्ठा प्रणालीबाट छनोट गरीएको छ ।

## १.८ चित्राङ्कन

यस शोधग्रन्थमा नेपाल र गोरखा जिल्लाको नक्सा तथा शोध विषयसँग सम्बन्धित मुसलमानहरुको सामाजिक तथा साँस्कृतिक गतिविधि झल्कने चित्रहरु आवश्यकता बमोजिम  समावेश गरीएको छ ।

# दोस्रो अध्याय

## अध्यायन क्षेत्रको परिचय

### २.१ भौगोलिक परिचय

गोरखा जिल्ला नेपालको पश्चिमाञ्चल विकासक्षेत्र अर्न्तगत रहेका गण्डकी अञ्चलमा पर्ने ६ वटा जिल्लाहरु मध्य एक हो तीमध्ये पनि एउटा छुट्टै ऐतिहासिक र सांस्कृतिक महत्व बोकेको पुरानो राज्य मानिन्छ ।भौगोलिक रुपमा ३६१० वर्ग कि.मि मा र २७° १५ " देखि २८° ४५" उत्तरी अक्षांश र ८४° २७" देखि ८४° ५८" पूवी देशान्तर सम्म फैलिएको छ भने समुद्री सतह देखि १०९७ मिटरको उचाई रहेको छ । त्यसैगरी पूर्वमा धादिङ्ग र तिब्बत , पश्चिमा तनहूँ , लम्जुङ र मनाङ, उत्तरमा मनाङ र तिब्बत तथा दक्षिण चितवन र तनहूँ पर्दछन् ।२०६८ को जनगणना अनुसार गोरखाको ६६५०६ घरधुरीमा जम्मा जनसंख्या २७१०६१ रहेको छ जसमा १५००२० महिला छन् । प्रशासनिक सहजताका लागि ६६ गा.वि. स. र १ नगरपालिका तथा ३ निर्वाचन क्षेत्र र १३ इलाका भएको यो जिल्ला क्षेत्रफलको हिसाबले चौथो ठूलो जिल्ला हो जसले कुल भूभागको करीव २.४५ प्रतिशत भाग ओगटेको पाईन्छ ।[३]

**क) पहाडी प्रदेश :** समुद्र सतहदेखि २२८ मिटरबाट २५०० मिटरसम्मको उचाइमा रहेको यस प्रदेशले जिल्लाको कुल भुभागको ५३.९३ प्रतिशत क्षेत्रफल ओगटेको छ ।[४] यस प्रदेशमा १ नगरपालिका सहित जिल्लाका ५९ वटा गा.वि.स.हरु पर्दछन । जिल्ला विकास समितिका १३ मध्ये १२ वटा इलाकाहरु पनि यही प्रदेश अन्तर्गत पर्दछन ।

**ख) हिमाली प्रदेश :** यस जिल्लाको हिमाली प्रदेश भन्नाले मुख्य रुपले जि.वि.स.को १३ नं. इलाका वा मनास्लु संरक्षण क्षेत्रलाई बुझाउँछ । यस क्षेत्रमा विश्वको आठौं अग्लो ८१६३ मि. उचाइ भएको मनासलु हिमाल अवस्थित छ । समुद्र सतहबाट करिब १३६० मि.देखि ८१६३ मि. उचाइसम्म रहेको यस प्रदेशले जिल्लाको कुल भुभागको ४६.०७५ प्रतिशत भाग

---

३ **नवजागृति चण्डी उ.मा.वि,स्मारिका**,गोरखा : किशोर अफसेट प्रेश ; २०६९,पृ.१४२ ।
४ **स्मारिका**, २०६९ ,उही पृ .१४२ ।

ओगटेको छ ।[५] यस प्रदेशमा थुमी, लापु, गुम्दा, लाप्राक, वारपाक, उहिया, मान्वु, काशिगाँउ र केरौजा गरी जम्मा ९ वटा गा.वि.स.हरु पर्दछन ।

जिल्ला सदरमुकाम पोखरीथोकबाट १७ कि. मि. उत्तरपूर्वमा १५३३.४९ वर्ग कि. मि. क्षेत्रफलमा ओगटेको अश्राङ्ग गा.वि.स. ८४$^{0}$ ४३ ३० उत्तरी अक्षांश देखि ८४$^{0}$ ४५ ३० उत्तरी अक्षांशसम्म तथा २७$^{0}$ ५८ ३० पूर्वी देशान्तर देखि २८$^{0}$ १' २५ पूर्वी देशान्तरसम्म फैलिएको छ । समुद्र सतह बाट झन्डै १२६० मिटर उचाइमा रहेको छ ।[६]अश्राङ्ग गा.वि. स. को पूर्व पश्चिम लम्बाइ २.६ कि. मि. र उत्तर दक्षिण लम्बाइ १.५ देखि ४.५ कि. मि. सम्म फैलिएर रहेको छ ।

## २.२ ऐतिहासिक परिचय

गोरखा जिल्ला नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने गण्डकी अञ्चलका छ जिल्लाहरु मध्ये तनहुँ, लमजुङ र मनाङ जिल्लाहरुको पूर्वपट्टि रहेको छ । नेपालको नक्सामा हेर्दा यो जिल्ला महाभारत श्रृंखलादेखि हिमाली श्रृंखलासम्म लिस्नो झैं ठडिएर रहेको देखिन्छ । देशको कुल भुभागको २.४५ प्रतिशत भाग ओगटेको छ । राष्ट्रिय जनगणना २०६८ को अन्तिम नतिजा अनुसार देशको कुल जनसंख्याको १.२४ प्रतिशत जनसंख्या रहेको यो जिल्ला जनसंख्याको हिसाबले ७५ जिल्ला मध्ये ३३ औं स्थानमा रहेको देखिन्छ[७] ।

## अश्राङ्ग गा.वि.स को परिचय

कुनै पनि स्थानको नामाकरणमा केही न केही किंवदन्ती वा जनश्रुति रहेको पाईन्छ यसरी नै यस गा. वि. स. को नामाकरणमा पनि एक भनाइ रहेको पाईन्छ जस अनुसार धेरै वर्ष पहिले यस ठाँउमा ऋषिमुनिहरुले तपस्याका लागि गुफा वा आश्राम बनाई बसेका थिए । यसरी ऋषिमुनिहरु बस्ने गरेको हुनाले आश्राम आश्राम भन्दाभन्दै पछि गएर यही आश्रम शब्द बाट अपभ्रस भई अश्राङ्ग हुन गएको हुन सक्ने कुरामा विश्वास रहेको छ ।[८]यहाँ विभिन्न किसिमका जातजातीहरु जस्तै ब्राम्हण , क्षेत्री, वैश्य शुद्र तथा अन्य जातजातीहरुका साथै मुसलमान समुदायहरुको बसोबास गरीरहेको पाईन्छ ।

[५] केन्द्रिय तथ्याङ्क विभाग,**पपूलेसन मनोग्राफ अफ नेपाल**,काठमाडौं : नेपाल सरकार केन्द्रिय तथ्याङ्क विभाग ,२०६८,पृ. ८९ ।
[६] जि.वि.स. गोरखा, **गोरखा पार्श्व चित्र**,जि.वि.स को कार्यालय, गोरखा ,२०६९ , पृ. ६२ ।
[७]. जिविस गोरखा ,**गोरखा पार्श्व चित्र,** जिल्ला विकास समितिको कार्यालय, २०६९ , पृ. १८ ।
[८]. **स्मारिका** उहि,२०६९ ,पृ. १०३ ।

सो भएता पनि  यस गा वि स अर्न्तगत पर्ने वडा नं. एक भिंगटेमा  मुसलमान जातीको बाहुल्यता रहेको छ । यस गा वि स को पूर्वमा बोर्लाङ्ग , पश्चिममा ताप्ले ,उत्तरमा बगुवा,तान्द्राङ र धावा तथा दक्षिणमा बुङ्कोट गा.वि. स. हरु रहेका छन् ।यस गा. वि. स मा ठूलाठूला खोलानाला नभए पनि उत्तरमा तान्द्राङ खोला र दक्षिणतर्फ ज्यादुल खोला रहेको छ जसले  गा.वि.स. को दिशा छुट्याउने काम गरेको छ। यो गा.वि.स. जिल्लाको ३ निर्वाचन क्षेत्र मध्ये १ नं. क्षेत्रमा पर्छ ।  प्रशासनिक रुपमा ९ वडामा विभाजीत यस गा.वि.स. को वडागत रुपमा स्थानीय टोलहरु यस प्रकारका छन् ।[६]

**तालिका नं.– १**

**अश्राङ्ग गा. वि. स. का वडा अनुसारको स्थानीय टोलहरुको नामाकरण**

| क्र. सं | वडा नं. | टोल तथा बस्तीहरु |
|---|---|---|
| १ | १ | भिंगटे, ठुलो तथा सानो गाउँ |
| २ | २ | खड्का गाउँ, सार्की गाँउ |
| ३ | ३ | भन्तना गाँउ, मने,रवेडाँडा |
| ४ | ४ | भन्तना गाँउ,बराभन्ज्याङ |
| ५ | ५ | मोहोरिया |
| ६ | ६ | हर्राविसौना,ढकाल गाँउ,कामी गाउँ, |
| ७ | ७ | ठाँटी गाउँ, चन्डीगैरा,चाँपे कुवा |
| ८ | ८ | रीप,राना गाउँ |
| ९ | ९ | रीप,ओख्लेपानी, |

श्रोतः स्थलगत अध्ययन, २०६९

## २.३ मुसलमानहरुको परिचय

मुसलमान जातीका वारेमा  विभिन्न विद्वानहरुबाट अध्ययन गरी प्रकासन गरीएका ग्रन्थहरु थोरै मात्रामा प्रकासित भएका छन् केही शोधार्थीहरुले पनि आफ्नो स्नातकोत्तर उपाधिका

लागि तयार पारिएको शोध ग्रन्थहरु पनि पाईन्छ । तसर्थ यी कृर्तिहरुले यस प्रस्तावको सबै विषयलाई समेट्न  नसकेता पनि ती कृर्तिहरु बारे छोटो विवरण प्रस्तुत गरीएको छ । मुसलमानहरु  इस्लाम धर्मावलम्वी हुन् र यिनीहरुको सामाजिक तथा सांस्कृत जीवनमा उनीहरुको धर्मले ठूलो प्रभाव पारेको हुन्छ । भगवान्ले मानविय जीवन बिताउनका लागि दिएका मार्ग दर्शन यिनीहरुका  लागि आर्दशका रुपमा रहेको हुन्छ । जस्तो कि प्राथना, शिक्षा,तिर्थ यात्रा,उपवास र दैनिक जीवन समेतलाई यस अवधारणाले प्रभावित पारेको छ ।

"भगवान् एउटा मात्र हुन्छन् कर्म नगरी अधिकार प्राप्त हुन सक्दैन सबै मानिसहरु समान छन् कसैलाई पनि विषेशाधिकार प्राप्त छैन्" पैगम्वर मोहम्मदले ईश्वरकै वाणिमा सुनेका थिए । त्यसलाई यिनले जनसमक्ष ल्याए तर लिपीबद्द गरेनन् उनी पछिका अर्का विद्वान्  अगुबकले यी कुराहरुको  नियम बनाई यसको संग्रह  गरीदिए तर उनले पनि लिपिबद्द गरेनन् । अर्का विद्वान ओसवानले पैगम्वर मोहम्मदबाट सुनेका र अगुवकले संग्रह गरेका ईश्वरीय वाणिलाई लिपिवद्ध गरेर जन समक्ष ल्याइदिए त्यसैलाई "कुरान" भन्दछन् । यो नै मुसलमान जातीको सामाजिक तथा धार्मिक जीवनको महत्वपूर्ण श्रोत हो । यस धर्ममा पनि सुन्नी र शिया दुई सम्प्रदाय छन् । यिनीहरुको सामाजिक तथा सांस्कृतिक जीवन आ.आफ्नो सम्प्रदाय बमोजिम नियमित भएको हुन्छ ।

## २.४   नेपालमा मुसलमानको ऐतिहासिकता

मुसलमानका सबै भन्दा पहिला पूर्खा  १२ औं शताब्दीको अन्त्य तिर १३ औं शताब्दीको सुरुतिर लवदाखको वाटो हुँदै तिब्वत पसेर आएका काश्मिरी मुसलमान थिए । त्यतिवेला सम्म उनीहरु कम्मल,गलैंचा, दोसल्ला आदिको  व्यापार गर्न काश्मिर तिब्वत ओहोर दोहोर गदै थिए । राजा रत्नमल्लका प्रतिनिधी संग ल्हासामा भेट भएपछि उनीहरुलाई काठमाडौं बोलाइयो र उनीहरुले हातहतियार बनाउन र चलाउन सिकाउनका लागि चौविसे राजाका पालामा पश्चिम पहाड तिर पसेका थिए । ती बाहेक स्वतन्त्र व्यापार गर्न पसेका मुसलमानहरुलाई पश्चिम पहाडमा "चुरौटे" भन्ने चलन छ । तराईमा बस्ने मुसलमानहरु चाँहि मधेसका बाहुन राजपुत तथा अरु जसरी जहिलेदेखि आएर बसी खेती र व्यापार गरेका हुन् त्यसैबेलादेखि नै उनीहरु पनि त्यसरी नै रहेका हुन् त्यसैले तराइ  र काठमाडौंका केही मुसलमानहरु उर्दू भाषा बोल्ने गर्छन् भने धेरै जसोका लागि स्थानीय भाषा नै आफ्नो भाषा भएको छ । अलग मुस्लिम भाषाको आवश्यकता परेको छैन यसैले नेपाली मुसलमान अलग

उत्पति भएका तथा खास जाती भएका नभै कारणवस अलग धार्मिक सांस्कृतिक परम्परालाई पछ्याएका वर्ग हुनाले नत अनुहारमा फरक देखिन्छन नत पोशाकमा नै । त्यसैले नेपालमा धेरै जसो अवस्थामा कुनै जातीय वा धार्मिक समस्यामा अल्भिनु परेको छैन ।

नेपालका मुसलमानहरुको पेशा मुख्यगरी कृषि र व्यापार नै हो । जसमा पहाड तिर हिउँदमा घरघरै डुलेर चुरा बेच्ने काम गर्छन् ।नेपालका मुसलमानहरु दुई वर्गमा विभाजीत छन् । पहिलो वर्गमा शैयद,शेख, पठान र मुगल गरी चार थरिका छन् । शैयद र शेख अरबका सन्तान हुनाले इस्लामका संस्थापक मुहम्मदको आदि कालदेखिको इस्लाम धर्मावलम्वी हुन् भन्ने विश्वास गरीन्छ । पठान भन्ने हरु अफ्गानिस्तान बाट आएका र मुगल भन्नेहरु उहिलेका तुर्कहरुका सन्तान हुन भनी भन्दछन । दोश्रो श्रेणीका मुसलमान चाँहि पछि मुसलमान तुल्याईएका भारतीयहरुका सन्तान हुन् । अन्सारी सब्जी, फरोस, धोबी आदि पहिलो श्रेणीमा पर्छन् । पश्चिम पहाडका चुरौटेहरुमा मियाँ र फकिर भन्ने दुई थरी हुन्छन् । यी सबै थरीका मुसलमान एउटै देवता खुदा र पैगम्वार मोहम्मदलाई मान्दछन् । यिनीहरुले मनाउने इद पर्वमा रमजानको महिना भरि ब्रत बस्ने रोजा नै मूख्य हो । इस्लामिक वर्षको नवैं महिनालाई रमजान महिना र त्यसमा बस्ने ब्रत लाई रोज भनिन्छ । यो चन्द्रमासको हिसावले महिना गन्नु पर्ने हुँदा वर्षै पिच्छे घुम्दै जुन महिनामा पनि पर्न सक्छ । वक्र इद, मोहरं, मेराज आदि पर्व मनाउँछन् । मुसलमानहरु शुक्रवार मस्जितमा गई नमाज धर्मग्रन्थ पाठ गछन् । यिनीहरुको विवाह र मृत्यु संस्कार पनि फरक छ । एउटै आमाका दूध नखाएका भए दाजु बहिनी बिच पनि विवाह गर्न मिल्छ भने मुर्दालाई धोई पखाली गरेपछि कपुर चन्दन आदि सुगन्ध लेपन गरी चिहानमा लगेर गाडी दिन्छन् । सक्नेले त्यसमाथि स्मारक पनि बनाइदिने चलन छ । यसरी आफ्नै किसिमको पहिचान भएको समुदायका रुपमा स्थापित मुसलमानहरु नेपालमा वसोवास गर्दै आएको पाईन्छ ।

## २.५ गोरखा जिल्लामा मुसलमानहरुको आगमन

गोरखामा मुसलमानहरुको आगमनका सम्बन्धमा अधिकांस मुसलमानहरु खासगरी गोरखाका तत्कालीन राजा द्रव्य शाहको पालादेखि नै आफ्नो उपस्थिति रहेको बताउछन् । उवनहरुको अनुसार वि.स. १६१६ मा यशोब्रम्हा शाहका कान्छा छोरा तथा लमजुङका तत्कालीन राजा नरहरी शाहका भाई ) द्रव्य शाह गोरखाको राजा भएपछि लालमोहर पाएर

स्थायी बसोबास गरेको कुरा बताउँछन् । पुरानो नेपालको राजनीति गहिरीएर अध्ययन गर्दा पनि द्रव्य शाहको शासनकालदेखि नै मुस्लिमहरु गोरखा प्रवेश गरेको जानकारी पाईन्छ । कतिपय इतिहासकारहरुले त नेपालको परम्परागत राजपरिवार नै मुसलमान समुदायको भएको अड्कल काटेका छन् । यस बारेमा इतिहासकारहरु भन्दछन् - चित्तौरगढका चन्द्रवंशी राजा भट्टरक ऋषिराज राणाजी पछि यसै वंशका तेत्तिसौ भूपति राणाजी राजा भए, भूपतिका तिन भाइ छोराहरु एदयवम ,फत्तेसिंह र मनमथ थिए । तीन भाई मध्ये मनमथले स्वदेश छाडी उज्जैन आइ बसे । यिनका ब्राहाणिक र भुपाल दुई छोरा थिए । यी दुई बिच आन्तरिक कलह भएपछि भूपाल दाजुलाई छाडी रिडी आए र रिडीमा पनि टिक्न सकेनन् । ई.सं. १४९५ मा भीरकोटको खिलूँमा पुगे । वास्तवमा शुरुमा यिनीहरु खान मुसलमान समुदायका थिए । भुपालका दुई छोरा खाञ्चाखान र मिचाखान भए । खाञ्चाखान शुरुमा ढोर, भिरकोट र पछि सतहुँ र गरहुँमा राज्य गरे र मिचाले नुवाकोटमा खासगरी खाञ्चा र मिचाका पछिल्ला उत्तराधिकारीहरु जयाखान , सूर्य खान, मिचा खान बिचित्र खान, जगदेव खान र कुलमण्डन खान मध्ये कुलमण्डन खान साह्रै चतुर थिए । कुलमण्डनले आफ्नो राज्य टिकाउन र लामो समयसम्म आफ्नो अस्तित्व फैलाउन दिल्ली सम्राटलाई खुबै खुशी पार्दथे त्यसैले दिल्ली सम्राटले उनलाई खान छाडी शाहको उपादी दिएका थिए । यसैबेला देखि खान बाट शाहमा परिवर्तन भए । त्यसपछि कुलमण्डनको पालादेखि नै तत्कालीन राजाहरुले आफ्नो नामको पछाडी शाह लेख्न थालेका थिए । इतिहास अनुसार कुलमण्डन शाहका सात छोरा थिए र ती मध्य जेठा कास्कीका राजा भए भने लमजुङे शिरवान्त जातीहरुले लमजुङको राजा बनाउनका लागि कुलमण्डनका माहिला छोरा कालु शाहलाई मागेर ल्याए । शिकार खेल्दा कालु शाहको मृत्यु भएकाले पुन लमजुङेहरु अर्को छोरा माग्न नुवाकोट पुगे । पछि कुलमण्डनले कुनै छोरालाई छानेर लैजान अनुमती दिए र लमजुङेहरुले उनका कान्छा छोरा युवराज यशोब्रहा शाहलाई लगेर राजा बनाए ।यशोब्रहाका दुई छोराहरु नरहरी र द्रव्य शाह भए । जेठाले लमजुङ र कान्छाले गोरखाको राज्य गरे । यही क्रमअनुसार द्रव्य शाहका सन्तानहरु नै हालसम्म नेपालको राजा हुँदै आएका छन् । यसरी उक्त ऐतिहासिक तथ्यले पनि गोरखा जिल्लामा सर्वप्रथम प्रवेश गर्ने मुस्लिम व्यति द्रव्य शाह नै हुन भन्ने कुराको पुष्टि गर्दछ । त्यसैकारण १२ औं शताब्दीतिर नेपाल प्रवेश गरेका मुस्लिमहरु १३ औं शताब्दीको प्रथम कालमा गोरखा प्रवेश गर्न पुगेका थिए ।

## २.६. शैक्षिक अवस्था

यस गा.वि.स का जम्मा जनसंख्याको ६० प्रतिशत जनसंख्या साक्षर छन् ।[९] एक उच्च माध्यामिक तथा आठ निम्न माध्यामिक विद्यालयहरु ले शैक्षिक क्षेत्रलाई सहयोग गर्दै आइरहेका छन् । जातजाती अनुसार साक्षरत विवरण निम्न रहेको छ ।[घ]

**तालिका नं.–२**

**साक्षरता विवरण**

| क्रस | जाती | कुल जनसंख्या | साक्षर संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | ब्राम्हण | ९८५ | ६४० | ६५ |
| २ | क्षेत्री | ६११ | ३३४ | ५८ |
| ३ | नेवार | ५०२ | २७६ | ५५ |
| ४ | मगर | २०५ | १०३ | ५० |
| ५ | मुसलमान | ९३३ | २७८ | ३० |
| ६ | परियार | ८६ | ३४ | ४० |
| ७ | सार्की | ४१ | १२ | २९ |
| ८ | कामी | ३५ | ११ | ३२ |
| | जम्मा | **३४०६** | | |

**श्रोत** : अश्राङ्ग गा.वि. स. ,२०६९

## २.७.जनसांख्यिक अवस्था :

२०६८ को जनगणना अनुशार, अश्राङ्ग गा.वि.स. को जम्मा जनसंख्या ३४०६ रहेकोमा १९६३ महिला र १४४३ परुष छन् ।[१०]

[९]**नवजागृती स्मारिका,** २०६९ , पृ. १४३ ।

[१०]. उही, २०६९ , पृ. ६३ ।

तालिका नं.–३

**जातीगत आधारमा जनसंख्या**

| क्रस | जाती | महिला | पुरुष | कुल जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ब्राम्हण | ५८० | ४०५ | ९८५ | २९ |
| २ | क्षेत्री | ३२१ | २९० | ६११ | १८ |
| ३ | नेवार | २६६ | २३६ | ५०२ | १५ |
| ४ | मगर | ११९ | ८६ | २०५ | ६ |
| ५ | मुसलमान | ४८४ | ४४९ | ९३३ | २७ |
| ६ | परियार | ५६ | ३० | ८६ | ३ |
| ७ | सार्की | २५ | १६ | ४१ | १ |
| ८ | कामी | २२ | १३ | ३५ | १ |
| **जम्मा** | | **१८७३** | **१५३३** | **३४०६** | **१००** |

श्रोत : अश्राङ्ग गा.वि. स.,२०६९

## २.८. धार्मिक अवस्था

यस गा.वि. स. मा विभिन्न धर्म मान्ने धर्मावलम्वीहरु भएता पनि हिन्दू धर्मावलम्वीहरुको संख्या अन्य धर्मावलम्वीहरुका दाँजोमा उच्च रहेको छ । धार्मिक हिसाबले आज सम्म कुनै किसिमको रिस राग भएको पाइदैन । सबै धर्मावलम्वी अत्यन्तै मिलेर बसेका छन् ।

तालिका नं.–४

**धर्मका आधारमा जनसंख्या**

| क.स. | धर्म | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दू | २३३७ | ६९ |
| २ | मुसलमान | ९३३ | २७ |
| ३ | क्रिश्चियन | १०५ | ३ |
| ४ | बौद्ध | ३१ | १ |
| | **जम्मा** | **३४०६** | **१००** |

श्रोत : अश्राङ्ग गा.वि. स.,२०६९

यस गाउँमा मुख्यगरी नेपाली भाषा नै बोलिचालीको भाषा भएको र केही मुसलमानहरुले मात्र उर्दू बोल्ने गरेको पाईन्छ । बहुजाती र बहुभाषिक रुपमा चिनीने हाम्रो देश नेपाल जस्तै अश्राङ्ग गा.वि. स. मा पनि विभिन्न जातजातीका मानिसहरु बसोबास गर्दछन् । बिशेष गरी अश्राङ्ग गा.वि. स. मा ब्राम्हण, क्षेत्री,नेवार,मगर, सार्की,दमाई मुसलमानहरुको बस्ती ठाउँ – ठाँउमा छरिएर रहेको पाईन्छ । यहाँ मुख्यगरी नेपाली भाषा बोलिन्छ भने थोरैले उर्दू भाषा पनि बोल्छन् । यहाँका धेरै मानिसहरु हिन्दू धर्म प्रति आस्थावान छन् भने अल्पसंख्याक रुपमा इस्लाम धर्म मान्ने मानिसहरु पनि परापूर्वकाल देखि बस्दै आएको पाईन्छ । अहिले आएर बिस्तारै क्रिश्चियन धर्मको प्रभाव पनि प्रदै गईरहेको छ । शंखेपीपल र चण्डीथानमा चण्डीमाई अवस्थित छन् । यस गा. वि. स को । धार्मिक दृष्टिकोणले हेर्दा झिँगटेमा तीनवटा मस्जिद, भन्तना गाउँमा रामसीता मन्दिर,गुफा भञ्ज्याङमा शिव मन्दिर , आँपसालमा कृष्ण मन्दिर छन् । जम्मा ८३१ घरधुरीमा महिलाको संख्या १८७३ र पुरुषको १५३३ रहेको छ ।[११]

## २.९. स्वास्थ्य अवस्था

यस गा.वि. स. मा एक उप स्वास्थ्य चौकीका साथै व्यक्तिगत रुपमा खोलिएका अन्य केही औषधी पसलहरुले स्वास्थ्य सेवा प्रदान गरीरहेका छन् । यिनै सस्थाहरुबाट साधारण उपचारहरु भएता पनि जटिल रोगहरुको उपचारका लागि भने ३ ।४ घण्टाको दुरीमा रहेको जिल्ला अस्पताल , चितवान तथा काठमाडौं नै जानुपर्ने बाध्यता छ । सदरमुकाबाट नजिकै रहेर पनि अधिकांस गर्भवती महिलाहरुले स्थानिय महिला स्वंयम सेविकाहरुको सहयोगमा प्रसूति गराउदै आइरहेका छन् ।

[११]गा.वि.स. को कार्यालय,अश्राङ्ग, **पार्श्व चित्र** २०६९ ,पृ. १५ ।

# तेस्रो अध्याय

## सामाजिक तथा सांस्कृतिक जनजीवन

### ३.१ सामाजिक संरचना

बहुजाती र बहुभाषिक रुपमा चिनीने हाम्रो देश नेपाल जस्तै अश्राङ्ग गा.वि. स. मा पनि विभिन्न जातजातीका मानिसहरु बसोबास गर्दछन ।विशेष गरी अश्राङ्ग गा.वि. स. मा ब्राम्हण, क्षेत्री,नेवार,मगर, सार्की,दमाई मुसलमानहरुको बस्ती ठाउँ –ठाँउमा छरिएर रहेको पाईन्छ । यहाँ मुख्यगरी नेपाली भाषा बोलिन्छ भने थोरैले उर्दू भाषा पनि बोल्छन् । यहाँका धेरै मानिसहरु हिन्दू धर्म प्रति आस्थावान छन् भने अल्पसंख्याक रुपमा इस्लाम धर्म मान्ने मानिसहरु पनि परापूर्वकालदेखि बस्दै आएको पाईन्छ । अहिले आएर बिस्तारै क्रिश्चियन धर्मको प्रभाव पनि प्रदै गईरहेको छ । धार्मिक दृष्टिकोणले हेर्दा झिँगटेमा तीनवटा मस्जिद, भन्तना गाउँमा रामसीता मन्दिर,गुफा भञ्ज्याङमा शिव मन्दिर , आँपसालमा कृष्ण मन्दिर , मोहोरियामा शंखेपीपल र चण्डीथानमा चण्डीमाई अवस्थित छन् । यस गा. वि.स को जनसंख्या ३४०६ रहेको छ । जम्मा ८३१ घरधुरीमा महिलाको संख्या १८६३ र पुरुषको १५३३ रहेको छ ।

### ३.२ पारिवारिक संरचना

मुसलमान समुदायहरुको पारिवारिक वनावट ठूलो हुनु पर्छ भन्ने मान्यता अँझै पनि धेरै देशहरुमा विध्यामान रहेतापनि अश्राङ्गका यी समुदायले भने सानो पारिवारिक वनावटलाई नै मान्यता दिई आएको पाईन्छ । हिन्दूहरुको बिचमा अवस्थित यो समुदायले आफ्नो पारिवारीक वनोटलाई पनि अन्य समुदायहरुको जस्तै गरी सानो र एकल परिवारमा जोड दिएको पाईन्छ ।

### ३.३ नाता कुटुम्व

मानिसहरुलाई कि त रक्त सम्बन्धबाट कि त विवाहको सम्बन्धले नाता कुटुम्व कायम हुन्छ । वास्तवमा मुसलमान समुदायले आफ्ना नातेदारी व्यवस्था आफ्नै समुदाय भित्र

फैलाउने गरेको पाईन्छ तापनि अश्राङ्गका मुसलमानहरुले आफ्नो नातेदारीलाई उनिहरुको समुदाय भित्र मात्र सिमित नराखी हिन्दू समुदायसँग पनि अगाडि बढाएको पाईन्छ । उनीहरु हिन्दूहरुसंग मीत लगाएर पनि नाता सम्बन्ध कायम गरेको पाईन्छ । त्यस्तै गरेर उनिहरुले आफ्नो नाता सम्बन्धलाई त्यति धेरै मान सम्मान गर्ने चलन नभएता पनि यहाँका मुसलमानहरुमा हिन्दूहरुको निरन्तर सर्म्पकले उनीहरुले आफ्नो नातेदारहरुलाई हिन्दूहरुले जस्तै गरी सम्मानजनक व्यवहार गरेको पाईन्छ । यसरी हेर्दा अश्राङ्गका मुसलमानहरुको नाता कुटुम्बमा पनि परसंस्कृतिको प्रभाव परेको पाईन्छ ।

## ३.४ अन्य जातीसंग सम्बन्ध

मानिस सामाजिक प्राणी भएकाले समाजबिना एक्लै रहन सक्दैन । जन्मेदेखि नमरुन्जेलसम्म मानिसलाई समाजको आवश्यकता पर्छ । यसरी नै यो समुदायको अन्य जातीहरुसँगको सम्बन्ध पनि ज्यादै नजिक रहेको पाईन्छ । (चित्र संख्या-१६) धार्मिक रुपमा फरकपना भएतापनि सामाजिक प्राणी भएका नाताले समाजमा मिलेर बस्ने , दुःख सुखमा साथ दिने काममा यो समुदायको योगदान पनि महत्वपूर्ण रहेको छ । चाडपर्वमा आउने जाने,सहयोग आदान प्रदान गर्ने तथा समाजमा आईपर्ने सम्पूर्ण कार्यमा कुनै भेदभाव विना खुल्ला ह्दयले साथ दिने गरेको पाईन्छ ।

## ३.५ महिलाको अवस्था

विश्वको वर्तमान अवस्थालाई हेर्ने हो भने कतिपय मुसलमान देशहरुमा र त्यसमा पनि विशेषत कट्टर देशहरुमा त्यहाँका महिलाहरुले धेरै दुःख कष्टका साथ दबिएर बस्न परेको छ । जस्तो महिलाले अनिवार्य रुपमा बुर्का लगाउनु पर्ने, स्कुलमा गएर पढ्न नपाउने, परपुरुषको मुखमा हेर्न नहुने अवस्था छ तर कट्टर मुसलमान देशहरुमा बाहेक अन्य देशहरुका मुसलमान महिलाहरुको त्यस्तो वाध्यात्मक स्थिति रहेको पाईदैन । अश्राङ्ग गा. वि. स. का मुसलमान महिलाहरुको स्थिति पुरुषको तुलनामा केही कम भए पनि त्यति धेरै खस्केको भने छैन । यहांका महिलाहरुलाई उर्दू तथा नेपाली भाषामा शिक्षा लिनका लागि छुट छ , बुर्का लगाउनु पर्ने बाध्याता छैन । समाजमा सजिलैसँग हिड्डुल गर्न सक्छन् । हाल आएर करिब १२ जना महिलाहरुले एस.एल.सी. दिइसकेका छन् भने स्कुल उमेर समुहका वालिकाहरु सबै स्कुलमा भर्ना भएका छन् । यहाँका महिलाहरु पनि अरु

जातजातीहरुको जस्तै प्राय: जसो घरधन्दाको काममा लाग्ने गर्दछन् साथै कृषि पेशामा पनि संलग्न तथा केहीले सानोतिनो व्यापार शुरु गरेका छन् । (चित्र संख्या -१४) विस्तारै घरायसी तथा अन्य व्यवहारहरुमा महिलाहरुको निर्णय सुन्ने क्रम शुरु भएको कुरा स्थानिय व्यक्तिहरुको भनाईवाट जानकारीमा आएको थियो । यसले पनि के बुझाउँछ भने विस्तारै यस समुदायमा महिलाहरुको सशक्तिकरण हुँदै छ भन्न सकिने बलियो आधार मान्न सकिन्छ । यस समुदायका महिलाहरुको स्थिति अन्य समुदायका महिलाहरु कै हाराहारीमा भएता पनि समग्रमा केही पछाडि नै रहेको देखिन्छ ।

## ३.६ खानपान

मुसलमान समुदायको प्रमुख खाना दाल र सुख्खा रोटी हो । तर यहाँका मुसलमानहरु आफ्नो दैनिक खानामा अन्य जातीहरुले जस्तै दाल, भात, तरकारी र अचारको प्रयोग गर्दछन् । इस्लाम धर्म अनुसार गाईको मासु प्रयोग गर्ने चलन रहेता पनि यहाँका अन्य जातजाती सरह गाईको सम्मान गरी मासुको रुपमा प्रयोग नगरी गाईको गोबर घर लिप्नका लागि प्रयोग गर्दछन् । हाल आएर आफ्नो विभिन्न चाडपर्व तथा भोजभतेरमा अन्य समुदायहरुलाई बोलाउने र आफूहरु पनि अन्य समुदायको चाडपर्व तथा भोजभतेरमा सामेल हुने प्रचलन रहदै आएको देखिन्छ ।

## ३.७ पहिरन

यस समुदायका मानिसहरुको आफ्नै किसिमको पोशाक भएता पनि त्यसलाई कम मात्रामा प्रयोग गरी छिटो र छरितोका कपडाहरु लगाएको पाईन्छ । जसमा पुरुषको धोती लुंगी, तुरकिंस टोपी ,सेतो दौरा र पाईजामाको सट्टामा सर्ट र पाइन्ट लगाएको देखिन्छ भने महिलाहरुले बुर्का तथा सेतो वा कालो रङ्गको शिर देखि पाउँसम्म ढाक्ने धोती सारीको सट्टामा रातो सारी, ब्लाउज तथा सजिलोका लागि कुर्था सुरुवाल लगाउने गरेको पाईन्छ । यसरी अश्राङ्गका मुसलमानहरुको वस्त्र आभूषणमा प्रत्यक्ष रुपमा परसंस्कृतिकरणको प्रभाव परेको पाईन्छ । (चित्र संख्या- १४ )

## ३.८ बसोबास

अश्राङ्ग गा. वि. स. को वडा नं. १ झिंगटे भञ्ज्याङमा यस समुदायको बसोबास रहेको पाईन्छ जहाँको जनसंख्या करिब एक हजार रहेको छ ।(चित्र संख्या १ र २) समाज संचालन गर्न अन्य जातीहरुमा जस्तै विभिन्न जातजाती सँगै बसोबास गर्नुका साथै एक अर्कोमा सहयोग आदान प्रदान गर्ने गरेको पाईन्छ । यस समुदायको बस्ती एकै ठाउँमा केन्द्रित भएको पाईन्छ । यस समाजमा संयुक्त परिवारको संख्या बढि र एकलको कम पाईन्छ । मुसलमान समुदयमा विशेष गरी महिलाहरु घर भित्र र पुरुषहरु घर बाहिरको काम मा व्यस्त हुने गर्दछन् । पहिलादेखि नै शिक्षाको क्षेत्रमा यो समुदायको स्थिती कमजोर देखिन्छ तर केही समय अघि देखि भने शिक्षामा क्रमिक सुधार हुँदै गइरहेको पाईन्छ ।घरहरुको वनावटले केही हदसम्म आर्थिक अवस्थालाई पनि झल्काउने गर्दछ । यस समुदायको घरको वनावट पहाडी क्षेत्रमा बसोबास गर्ने अन्य समुदायको जस्तै ढुङ्गा, माटो र काठको प्रयोग गरी बनाएका छन् भने स्थानिय बजार तिर पिलर राखेका आधुनिक घरहरुको निर्माण पनि हुँदै गरेका छन् । प्रायः एक तले घर, नजिकै धन्सार ,वस्तु भाउका लागि गोठ, शौचालय तथा बाख्राका खोर यहांका घरहरुको समानता हुन् । घर छाउनका लागि जस्ता पाता, स्लेट र कम मात्र खरहरुको प्रयोग भएका छन् भने गोठका लागि मुख्य गरी जस्ताको प्रयोग बढी देखिन्छ । (चित्र संख्या -२ )

तालिका नं.–५

**घरको छानाको विवरण**

| क्र.स. | छानाको विवरण | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जस्ता पाता | १५ | ६० |
| २ | स्लेट | ९ | ३६ |
| ३ | खर | १ | ४ |
| **जम्मा** | | **२५** | **१००** |

श्रोत : स्थलगत अध्ययन, २०६९

## ३.९ महत्वपूर्ण संस्कारहरु

संस्कार प्रायः सबै समुदायमा प्रचलित हुन्छ । धर्म सापेक्ष र धर्मद्धारा संरक्षित मुसलमान समाजमा इस्लामिक वा हिजरी सम्वत अनुसार विभिन्न महिनाहरु तथा अवसरमा पर्ने चाडपर्व र सामाजिक संस्कारहरु प्रचलनमा छन् । इस्लामिक पात्रो अनुसारका महिना मर्हरम, सफर रविउल ,अव्वल,रविउसानि, जमा-दिल-अव्वल, जमादिउसानी रज्जव, सावनी,रमजान,शोवाल,जिकाद र जिल्लहिज गरी बाह्र महिना पर्दछन् । वास्तवमा संस्कारलाई यस समुदायले सुन्नत भन्ने गरेको पाईन्छ ।

### ३.९.१ न्वारन (नामाकरण):

मुसलमान समुदायमा सर्वप्रथम बच्चा जन्मे पछि बच्चालाई नुहाउने काम गर्दछन् ।वच्चा जन्मेको ६ देखि ८ दिन भित्र मुल्लामौलवीले (धर्म गुरुले अराएको व्यक्ति) नाम राख्ने काम गर्छन् जसलाई मुस्लिम भाषामा 'छट्टी' भनिन्छ। 'छट्टी ' गर्न घडी ,तिथी र पला मिलाउन पर्दैन । जुनसुकै महिना ,दिन वा बारमा गर्न सकिन्छ । मुल्लामौलवीले वच्चाहरुको नाम राख्दा प्रायः इस्लाम, कुरानी, देवदुतको जस्तै मिलाएर अरवी भाषाबाट आउने नाम राख्दछन् ।

### ३.९.२ छटवन (भात खुवाई)

यस समुदायमा पनि लिङ्ग अनुसार वच्चाहरुलाई भात खुवाउने चलन रही आएको छ । छोरी भएमा ५ महिना र छोरा भए ६ महिनामा जुठो लगाइदिने गर्दछन् । यस दिनमा अल्लाहको प्राथना पनि गरीन्छ । व्यक्तिको आर्थिक क्षमता अनुसार नजिकका आफन्तहरुलाई बोलाएर भोज खुवाउने चलन छ । यस दिन अन्य धर्मका समुदायलाई भने आमन्त्रण गरीदैन ।

### ३.९.३ खतना

खतना यस समुदायको महत्वपूर्ण धार्मिक कार्य हो । व्रत नियम सत्कर्म जस्तो उद्देश्य राखी गरीने विधिपूर्वकको कार्यलाई नै खतना भनिन्छ । हिन्दू संस्कारमा छोराहरुलाई चुडा कर्म वा ब्रतबन्ध गराउने प्रथा जस्तै मुसलमान केटाहरुलाई पनि शुद्ध इस्लाम धर्मावलम्बी

बनाउने प्रक्रिया एंव संस्कार नै खतना हो । प्रायः केटाहरु डेढ वा दुई वर्ष पुगेपछि गर्दछन् । खतना जोर दिनमा संम्पन्न गर्दैनन् । मुल्लामौलवी र अन्य मुसलमानहरुको सहयोग लिएर केटाको लिङ्ग तानेर लिङ्गको टुप्पोको छाला काट्ने काम हुन्छ जसलाई खतना भनिन्छ । खतना गरीसकेपछि केटा स्वस्थ एवं बलियो हुन्छ भन्ने विश्वास गरीन्छ । विना खतनाको पुरुष विवाहका लागि योग्य मानिदैन । खतना गर्ने समय तोकिएको नभएतापनि जाडो महिना लाई उत्तम मानिन्छ ।

## ३.९.४ निकाह (बिवाह)

मुसलमान समुदायको वैवाहिक संस्कार अन्य संप्रदायहरुको भन्दा फरक रहेको पाईन्छ । यस समुदायमा हाडनाता बिचमा पनि विवाह सम्पन्न गर्न सकिन्छ । आफ्नै सहोदर दिदी भाइ तथा दाजु बहिनी मध्य एउटाले आमाको स्तनपान नगरेमा बैवाहिक सम्बन्ध कायम गर्न सकिन्छ । धार्मिक रुपमा उमेरको कुनै हदबन्दी नभएता पनि करिब १२ देखि १५ वर्षका बिचमा प्रायः सबैको विवाह भैसकेको पाईन्छ । धार्मिक रुपमा पुरुषलाई चार जना स्त्रीसँग वैवाहिक सम्बन्ध स्थापित गर्न पाउछ भने स्त्रीलाई यस्तो व्यवस्था छैन् । इस्लाम कानुन अनुसार विवाहलाई एक प्रकारको करार मानिन्छ र सामान्य करारका शर्तहरुको पालना गरेर मात्र वैवाहिक सम्बन्ध स्थापित गर्न सकिन्छ । विवाह सम्पन्न गर्नु भन्दा पहिला दुलाह पक्षले दुलहीका लागि मेहरको रकम निश्चित गर्नुगर्छ । सो रकम तत्काल दुलही पक्षलाई तिर्नु प्र्दैन तर तलाक (पारपाचुके) भएको खण्डमा भने सो रकम दिनु पर्छ । मुसलमानको विवाह धर्मगुरुद्धारा वा निचको रहवरमा दुलाह तथा दुलही को तर्फ बाट दुई । दुई जना साक्षिको उपस्थिति अनिवार्य मानिन्छ । विवाह प्रारम्भ गर्दा दुलाह पक्ष सिमित जन्ती सहित दुलहीको घर वा अन्य घर तथा कुनै मस्जिदमा भेला भई दुवै पक्षले एक पर्दाको दुईपट्टि बसेर विवाह उत्सव नाचगान गरेर मनाउँदछन् । यसै बिच विवाह सम्बन्धी कार्यमा मौलवीले निर्धारीत शर्त अनुरुप विवाहको लिखित दश्तावेज तयार पारेको हुन्छ जसमा केटा र केटीको नाम , उनीहरुको बाबुको नाम र मेहरको रकम अनिवार्य रुपले उल्लेख गरीएको हुन्छ त्यस लिखितलाई पहिले दुलाहलाई तिन पटक पढेर सुनाउँछ र दुलाहले तिनै पटक मन्जुर छ भनी उच्चारण गरेपछि अर्कोपट्टि गएर दुलहीलाई पनि त्यही लिखित पढेर सुनाउने र दुलहीले मन्जुर छ भनीतीन पटक उच्चारण गरेपछि विवाह सम्पन्न हुन्छ । यस समुदायमा पारपाचुके (तलाक) को चलन रहेको पाईन्छ । तालक सम्बन्धी व्यवस्था

सम्प्रदाय (शिया र सुन्नी) अनुसार केही फरक छ तर मौलिक भिन्नता भने छैन । सुन्नी सम्प्रदायमा लिखीत रुपमा पनि तलाक दिन पाईने व्यवस्था छ भने शियामा मौखिक रुपमा मात्र तलाक दिने व्यवस्था छ । पुरुषले श्रीमतीलाई तलाक दिने प्रथम अधिकार राख्दछ । तर पतिको उमेर पत्निको उमेर भन्दा कम भएमा पत्निको अनुमति लिएर तलाक दिनुपर्ने हुन्छ । उपयुक्त अपवाद वाहेक पतिले कुनै पनि न्यायचित कारण बिना जुनसुकै समयमा तलाक दीन सक्छ । यस्तो स्थितीमा पतिले तलाक शब्द लगातार तिन पटक उच्चारण गरेर पत्नीलाई सुनाएमा सम्बन्ध विच्छेद हुन्छ र पत्नीले मेहरको रकम प्राप्त गरेर छुट्टै बस्नु पर्ने हुन्छ । तलाक पछि त्यही जोडीले पुन विवाह पनि गर्न इस्लाम धर्मले रोक्दैन ।

## ३.९.५ मृत्यु

यस समुदायको मृत्यु संस्कार अन्य समुदायको भन्दा नितान्त फरक किसिमको रहेको छ । यस समुदायका व्यक्तिहरुको मृत्यु पश्चात सर्वप्रथम २। ३ गाग्री पानीले लासलाई नुहाइन्छ त्यसपछि शवलाई अत्तर, तेल र कपुर घस्ने र छर्कने गर्दछन् । पुरुषको लासलाई ३ वटा कपडा र महिलाको लासलाई ५ वटा कपडाले ढाकेर कव्रिस्थान (मसानघाट) लैजान्छन् । मृत्त व्यक्तिको नाममा सबै व्यक्ति उभिएर कुरान पढी अल्लाहको प्राथना गर्दछन् । उक्त कुरानलाई कल्मा भन्दछन् । मलामीहरुले पनि पुरा शरीर नुहाएर सफा कपडा लगाएर मात्र जानुपर्छ । लास गाड्नु भन्दा ठिक अगाडि पढ्ने नमाजलाई जनाजा भनिन्छ । यस समुदायमा लासलाई गहिरो खाल्टो खनेर कव्रिस्थानमा गाड्ने गर्दछन् । मृत्यु भएको तीन दिन पछि मलामी र नातेदारहरुलाई बोलाएर भोज खुवाइ टिजा मनाउँछन । दशौ दिनमा मासिका गर्दछन् भने बिसौँ ,चालिसौँ र छ महिना पुगेको दिनमा मृत व्यक्तिको नाममा प्राथना गर्दछन् ।

## ३.१० आर्थिक जनजीवन

यहाँका मुसलमान समुदायको आर्थिक अवस्था मध्यम खालको देखिन्छ । आफ्नो जिविकोपार्जनका लागि विभिन्न आर्थिक क्रियाकलापहरु गर्ने यस समुदायले विभिन्न पेशाहरु अपनाएको देखिन्छ ।

### ३.१०.१ कृषि

नेपालका अधिकांश मानिसहरु कृषि पेशामा आश्रित छन् । पहाडै पहाडले भरिएको हाम्रो देशमा करिब १९ प्रतिशत जमिन मात्र खेतियोग्य छ । (चित्र संख्या -१६) अश्राङ्गका प्राय सबै मानिसहरु खेतिपाती मै लागेको पाईन्छ । त्यसमा पनि मुसलमान समुदायहरुको कृषिमा संलग्नता बढि देखिन्छ । यिनीहरुको मुख्य पेशा कृषि हो । यथेष्ट मात्रामा खेतबारी नभए पनि सुकुम्बासी भने छैनन् । खेतिमा आधुनिक प्रविधीको पूर्ण प्रयोग नभए पनि क्रमिक रुपमा शुरुवात भने गरेको देखियो जस्तै उन्नत जातको वीउ वीजनको प्रयोग, बारी जोत्नका लागि हाते टेक्टर आदि । यहाँका खेतबारीमा लगाउने मुख्य वाली एवं खेती लगाउने र भि-याउने महिना यस प्रकार रहेको छ ।

**तालिका नं.– ६**

**खेती लगाउने तथा भित्र्याउने महिना**

| वालीहरु | खेती लगाउने महिना | भित्र्याउने महिना |
|---|---|---|
| धन | अषाढ ।श्रावण | कार्त्तिक ।मंसिर |
| मकै | चैत ।वैशाख | श्रावण |
| कोदो | श्रावण । भाद्र | कार्तिक ।मंसिर |
| गहुँ | मंसिर । पुष | चैत्र ।वैशाख |
| मास | श्रावण | मंसिर |
| तोरी | मंसिर । पुष | चैत । वैशाख |
| आलु | मंसिर | चैत |

श्रोत : स्थलगत अध्ययन,२०६९

यहाँका मुसलमान समुदायले धान, मकै, कोदो,तोरी, मास तथा आलु नै प्रमुख वालीका रुपमा लगाउने गर्दछन् । यसका अलवा पिडालु ,सखरखन्ड ,मस्याङ्ग बोडी का साथै सागपात, फलफूल आदि पनि लगाउने गर्दछन् । घरधुरी सर्वेक्षणका घरहरुको आफ्नै कृषि उत्पादनबाट खान पुग्ने र नपुग्नेको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं. –७

## खानाको पर्याप्तता

| क. स | खान पुग्ने महिना | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०–३ | ० | ० |
| २ | ४–६ | ४ | १६ |
| ३ | ७–९ | ८ | ३२ |
| ४ | १०–१२ | १३ | ५२ |
| **जम्मा** | | **२५** | **१००** |

श्रोत : स्थलगत अध्ययन, २०६९

माथिको तालिकालाई हेर्दा १२ महिना खान पुग्ने परिवार ५२ प्रतिशत र नौ महिना सम्म खान पुग्ने ४८ प्रतिशत परिवार रहेको देखिन्छ । यस समुदायमा आफ्नो उत्पादनले तीन महिना मात्र खान पुग्नेको संख्या छैन जसबाट पनि के प्रष्ट हुन्छभने यो समुदाय आर्थिक रुपमा सबल नै देखिन्छ ।

### ३.१०.२ पशुपालन

कृषि व्यवसाय गर्नका लागि पशुपालन व्यवसाय आवश्यक पर्दछ । पशुपालनबाट प्राप्त हुने मलखाद खेतिवारीमा प्रयोग गरी बढी उत्पादन गर्ने गर्दछन् भने खेतवारीबाट प्राप्त हुने घाँसहरु पशुपालनमा प्रयोग गर्ने गर्दछन् । (चित्र संख्या -१०) मलखाद, मासु,दुग्धजन्य पदार्थका लागि पशुपालन गर्ने गर्दछन् । पशुपालन परम्परागत ढंगबाट नै भैंसीं, राँगा, गाई ,गोरु,बाखा, कुखुरा ,हाँस ,परेवा आदि पाल्ने गरेको पाईन्छ । व्यवसायिक उद्देश्यले भने कसैले पनि पालेको पाइएन । घरायसी प्रयोजन तथा केही आर्थिक लाभका लागि भने यस व्यवसायले राम्रै सहयोग गरेको देखिन्छ । घरधुरी सर्वेक्षणका क्रममा नमुना छनौटमा परेका २५ घरपरिवारमा रहेका पशुपंक्षीको विवरण यस प्रकार रहेको छ ।

तालिका नं.–८

## घरपालुवा पशुपंक्षीको विवरण

| क.स. | पशुपंक्षी | संख्या |
|---|---|---|
| १ | भैंसी । राँगा | ७५ |
| २ | गाई । गोरु | ५५ |
| ३ | बाख्रा | २४५ |
| ४ | कुखुरा | २३० |
| ५ | हाँस | ९५ |
| ६ | परेवा | १२५ |

श्रोत : स्थलगत अध्ययन , २०६९

माथिको तालिकालाई हेर्दा  बाख्रा,कुखुरा,परेवा, हाँस, भैंसीँ , राँगा र गाई  गोरु पालन गर्ने गरेको देखिन्छ (चित्र संख्या- १० ) । यी पशुपंक्षीबाट प्राप्त दूध जन्य पदार्थ तथा मासु उपभोग मात्र नगरी विक्री गरेर आय-आर्जन पनि गर्ने गर्दछन् ।

### ३.१०.३ नोकरी  (सरकारी तथा निजि क्षेत्रमा)

यस समुदायको सरकारी सेवामा भने अन्य जातजातीको तुलनामा कम प्रतिनिधित्व रहेको देखिन्छ ।शैक्षिक  क्षेत्रमा कमजोर भएका कारण पनि यो समुदाय सेवा प्रदायक क्षेत्रमा उपस्थिति कम रहन गएको देखिन्छ । हालसम्म कुनै पनि व्यक्ति  प्रहरी तथा सेनामा भएको छैन । सरकारी क्षेत्रमा जम्मा ५ जना पुरुष र निजि क्षेत्रमा  (विभिन्न गैरसरकारी संस्थाहरु,उद्योग तथा अन्यमा) १५ जना जति व्यक्तिहरु रहेको पाईन्छ ।

### ३.१०.४ ज्याला मजदूरी

आर्थिक अवस्था मध्यम खालको भएका कारण पनि यहाँका मानिसहरु ज्याला मजदुरमा भन्दा पनि आफ्नै काम धन्दामा बढि व्यस्त देखिन्छन् । तर पनि केही पुरुषहरु दैनिक

ज्यालामा स्थानिय  तथा शहर वजार तिर छोटो समयका लागि जाने प्रचलन रहेको देखिन्छ जसमा विशेष गरी खेतिपाती, घर बनाउने, बाटो खन्ने, पसलमा काम गर्ने गर्दछन् ।

### ३.१०.५ जग्गाको स्वामित्व

यस समुदायका कुनैपनि घरपरिवार सुकुम्वासी नभएकोले प्रत्येक व्यक्तिको केही न केही जग्गा जमिन (घरमुली) पुरुषको नाममा रहेको पाईन्छ । तर कुनै पनि महिलाको नाममा भने जग्गा रहेको पाइएन ।  यस अध्ययनको नमूना संकलनमा समावेश गरीएको मुसलमान परिवारहरुको जग्गाको स्वामित्व यस प्रकार रहेको छ ।

**तालिका नं.– ९**

**जग्गाको स्वामित्व अवस्था**

| **क.स.** | **खेतवारी रोपनीमा** | **घर संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | ० देखि ५ | ३ | १२ |
| २ | ६ देखि ९ | १० | ४० |
| ३ | १० रोपनी भन्दा बढी | १२ | ४८ |
| **जम्मा** | | **२५** | **१००** |

श्रोत : स्थलगत अध्ययन ,२०६९

### ३.१०.६ आयआर्जन

अध्ययनमा समावेश २५ घरपरिवारहरुको आम्दानीका मुख्य श्रोत कृषि, पशुपालन, वैदेशिक रोजगार, नोकरी र मजदुर नै प्रमुख रहेका छन् । यहाँका मुसलमान समुदायको वार्षिक आम्दानी यस प्रकार रहेको छ ।  ( चित्र संख्या ७ र ८)

### तालिका नं.– १०

## वार्षिक आयको अवस्था

| क्रस | आम्दानी रुपयाँमा | घर परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २०,००० सम्म | २ | ८ |
| २ | २१,००० देखि ३०,००० | ७ | २८ |
| ३ | ३१,००० देखि ४०,००० | १३ | ५२ |
| ४ | ४१,००० देखि माथि | ३ | १२ |
| | **जम्मा** | **२५** | **१००** |

श्रोत : स्थलगत अध्ययन, २०६९

### ३.१०.७ आयव्ययको अवस्था

यहाँका मुस्लिम समुदायले विभिन्न श्रोतहरुवाट आम्दानी गरेको रकम उनीहरुले दैनिक आवश्यकता एवं विलासिताका आधुनिक सरसामानहरु खरिद गरेको देखिन्छ । वार्षिक खर्चको अवस्थालाई तालिकामा प्रस्तुत गरीएको छ ।

### तालिका नं.–११

## वार्षिक खर्चको अवस्था

| क. स. | खर्च रुपयाँमा | घर परिवारको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २०,००० सम्म | २ | ८ |
| २ | २१,००० देखि ३०,००० | ६ | २४ |
| ३ | ३१,००० देखि ४०,००० | १३ | ५२ |
| ४ | ४१,००० देखि माथि | ४ | १६ |
| | **जम्मा** | **२५** | **१००** |

श्रोत : स्थलगत अध्ययन, २०६९

यस तलिका अनुसार नमुना छनौटमा रहेका २५ घरहरु मध्य वार्षिक रुपमा २० हजार भन्दा कम खर्च गर्ने घरधुरी ८ प्रतिशत छन् भने ३१ देखि ४० हजार सम्म खर्च गर्नेको घरधुरी प्रतिशत ५२ रहेको देखिन्छ। खर्चबाट बचेको रकम केहीले बैकमा जम्मा गरेको पाईन्छ भने केहीले अरुलाई सापटी दिने तथा अन्य मानिसलाई व्याजमा पनि दिने गरेको देखिन्छ।

सारांशमा कृषि पेशा मुख्य र अन्य पेशाहरु सहायक रहेको यहाँका मुसलमानहरुले जनजिवीकाका लागि कृषिले सहयोग गरेतापनि कृषिमा आधुनिक प्रविधिको प्रयोग त्यति उपयोगमा आएको पाइदैन। तर पनि कृषि उत्पादन बाट नै आर्य आर्जन तिर उन्मुख देखिन्छ। त्यस्तैगरी पशुपालन आफ्नै घरायसी प्रयोजनका लागि गरेको पाइन्छ। नोकरी तथा नीजि क्षेत्रमा यहाँका मानिसहरुको उपस्थिती न्युन रहेको तथा ज्याला मजदुरीमा पनि आफ्नै काम धन्दामा व्यस्त हुने हुदाँ त्यति गएको पाइदैंन। प्राय जग्गा जमिन सवैको हुनेहुदाँ भूमिहिन परिवार छैनन् भने अध्ययनको शिलशिलामा आय व्ययको अवस्थालाई हेर्दा वार्षिक रुपमा २० हजार भन्दा कम खर्च गर्ने प्रतिशत आठ छ भने एकचालीस हजार भन्दा माथी खर्च गर्ने १६ प्रतिशत पाइयो जसवाट पनि के स्पस्ट हुन्छ भने यस समुदाय मध्यम वर्गिया परिवारमा पर्दछन भन्न सकिन्छ।

# चौंथो अध्याय

## चाडपर्व, धार्मिक जनजीवन, तथा सांस्कृतिक परिवर्तन

### ४.१ महत्वपूर्ण चाडपर्वहरु

प्रत्येक धर्मका आ–आफ्नै चाडपर्वहरु हुन्छन् । चाडपर्वमनाउनुका मुख्य उद्देश्यहरु मध्ये धर्म प्रचार प्रसार , धार्मिक नियमीतता ,परम्पराको मर्यादा र मनोरन्जन नै प्रमुखहुन् । यसरी नै मुसलमान समुदायका पनि आफ्नै किसिमका चालचलन तथा  संस्कारहरु रहेको पाईन्छ । चाडपर्वहरु मनाउने क्रममा यो समुदायले पनि आफ्नो गच्छे अनुसार परिवारमा बसी रमाइलो गर्ने गर्दछन् । इस्लामिक क्यालेण्डर अनुसार बाह्र महिनाहरुमा बिभिन्न चाडपर्वहरु पर्दछन् ।जुन निम्न प्रकारका छन् ।

तालिका नं.–१२

**इस्लामिक महिनाहरु**

| क्र.स. | महिना | क्र.स. | महिना | क्र.स. | महिना |
|---|---|---|---|---|---|
| १ | मुहर्रम | ५ | जमादिल अव्वल | ९ | रमजान |
| २ | सफर | ६ | जमादि उस्सानी | १० | शौवाल |
| ३ | रजिउल अव्वल | ७ | रज्जव | ११ | जिकाद |
| ४ | रजि उस्सानी | ८ | शबान | १२ | जिलहिज |

श्रोत :स्थलगत अध्ययन , २०६९

अश्राङ्गका मुसलमानहरु पनि इस्लामिक पात्रो अनुसार विभिन्न महिनामा पर्ने निम्न चाडपर्वहरु मनाउँछन् ।

## ४.२ ईद

मुसलमानहरुको महत्वपूर्ण चाड ईद हो । हिजरी सम्वत अनुसार प्रत्येक वर्षको शौवालको पहिलो तारिकमा यो पर्छ। रमजान महिनामा नै उपवास वसि दिनको ५ पटक प्राथना गर्दछन् । आकाशमा अर्ध चाँद वा चन्द्रमाको अर्धआकार देखेको भोलि पल्ट बाट मात्र उपवास बस्ने काम शुरु भई महिना भरि रहिरहन्छ । यो समयमा उनीहरु सुर्यदयदेखि सूर्यस्तसम्म (४.३० देखि ७.००) उपवास बस्दछन् तर रातको समयमा खानामा कुनै बन्देज छैन । यस समयमा ठोस वा तरल पदार्थ खान र पिउनका लागि पूर्ण प्रतिवन्ध लगाइएको छ । तर वच्चा र विरामी लाई अनिवार्य छैन । रमजान महिनाको अन्तिम दिनमा ईदको चाँद हेर्नुपर्छ र भोलिपल्ट मात्र ईद उलफित्रा धुमधाम संग मनाउँछन् । उक्त दिन पुरुषहरुले मस्जिदमा सामुहिक रुपमा र महिलाहरु आ–आफ्नै घरमा नमाज पढ्दछन् । यहाँका मुसलमानहरु पनि यो पर्वलाई धुमधामसँग मनाउँछन् ।

## ४.३ बकर ईद

यो चाड जिल हिज महिनाको १० औ दिनमा पर्दछ । अव्रहनको सम्झनामा यो मनाइन्छ । उक्त दिनमा उंट,गाई, बाख्रा, भैसीँ र भेडा कुर्वानी (वलिदिने) गर्ने चलन छ । तर गाई राष्ट्रिय जनावर भएकाले अश्राङ्का मुसलमानहरुले काट्ने गरेको पाइदैँन । बकर ईद तीन दिनसम्म मनाइन्छ । यस समयमा नमाज पढ्ने र अल्लाहको प्रार्थना गरी खुशियाली मनाईन्छ । यो चाड नै मक्कामा हज जाने सुरुवातको चाड हो जसमा हज नजाने मुसलमानहरुले हज गएको महशुस गर्दछन् ।

## ४.४ मिलडुन नवीवरफात

यो रजिउल अव्वल महिनाको १२ औं दिनमा मुहम्मद जन्मेको र त्यहि दिन मरेको हुनाले त्यस लिनलाई पवित्र ठानि मस्जिदमा प्रवचन र खानपान गरी मनाइन्छ ।

## ४.५ शव ए बारात

इस्लामिक पात्रो अनुसार शाबान महिनाको १६ औं दिनको रातमा शव ए बरात चाड पर्छ । शबको अर्थ रात र बरातको अर्थ समुह हो त्यसैले सामुहिक रुपमा सबै रातभर जाग्राम

रही अल्लाहको प्रार्थना गर्दछन् । यस दिन आफ्ना नातेदारहरुको चिहानमा पुगी मृत आत्माको तथा जिवित व्यक्तिहरुको सुख शान्ति एंवम् भलाइका लागि अल्लाहको प्रार्थना गर्दछन् । रातभर जागराम हुने र अनिवार्य रुपमा कुरान पढ्ने गरीन्छ । यही दिनको रातमा नै मुहम्मद ईश्वरसंग भेट गर्न गएको रात भन्ने विश्वास गर्दछन ।

## ४.६ ताजिया

मुहर्रम महिनाको १० तारिकका दिन मनाइने चाड नै ताजिया हो । मुहर्रमको अर्थ दुःख हो । मुहम्मलका नाती हसन हुसैन पानी र खाद्यन्नको अभावको कारणले बग्दादको क्वार्ला पहाडमा मरेका हुनाले उनकै सम्भाना स्वरुप यो चाड मनाउँछन् । यसलाई शहिद दिवसको रुपमा मनाईन्छ । यस दिन मस्जिदमा गएर अल्लाहको प्रार्थना गरी दुःख प्रकट गरीन्छ ।

## ४.७ धार्मिक कार्यहरु

### ४.७.१ ईमान

ईश्वर एक छ र मुहम्मद ईश्वरको शिष्य वा धर्म प्रचारक हो भनि मान्नु नै ईमान हो । त्यसकारण मुहम्मदलाई सन्देश वाहक एक सुधारक र भविष्यवक्ताको रुपमा चिनिन्छ । उनीहरु अल्लाह वाहेक अरु कुनै पनि ईश्वरमा बिश्वास गदैनन् । मुहम्मदलाई पैगम्वर मान्दछन् । अल्लाह अरबी शब्द अल इलाह को छोटकरी रुप हो जसको अर्थ ईश्वर हुन्छ । त्यसैले एक ईश्वरवाद (Monotheism) नै इस्लाम धर्मको प्रमुख आधार हो ।

### ४.७.२ नमाज

मक्काको दिशा तिर फर्की दिनको पाँच पटक अल्लाहको प्रार्थना गरी नमाज पढ्छन् जसलाई सलात वा सलाह पनि भन्दछन् । अल्लाहको विशाल र प्रत्येक चिज उपरको सर्वोच्च नियन्त्रण मानी प्रार्थना गर्नुलाई सलात भन्दछन् । प्रत्येक घर , मस्जिद, मक्का वा समय एवं परिस्थिति अनुसार व्यक्ति स्थानमा भए तापनि नमाज पढी अल्लाह सम्भन्छन् ( चित्र संख्या - ११ र १२ ) । प्रत्येक दिन नमाज पढ्ने समयलाई निम्न रुपमा विभाजन गरीएको हुन्छ ।

**तालिका नं.– ३**

**प्रत्येक दिन नमाज पढ्ने समय**

| क्र. स | नमाजको नाम | समय |
|---|---|---|
| १ | फजर (Morning) | सुर्य उदाउनु भन्दा पहिले (५:०० बजे) |
| २ | जोहर (Aftenoon) | मध्यान्ह वाट २ बजे सम्म |
| ३ | असर (Midday) | घाम डुब्नु भन्दा पहिले ( ४:१५ बजे) |
| ४ | मगरी (Evening) | घाम अस्ताए पछि (६:३० बजे) |
| ५ | एशा (Night) | रातमा खाना खाए पछि (८:०० बजे) |

श्रोत : स्थलगत अध्ययन ,२०६९

यसरी माथि उल्लेख गरे बमोजिम एकदिनलाई पाँच भागमा विभाजन गरी नमाज पढ्नको लागि नियमितता कायम राखिन्छ । नमाज पढ्ने व्यक्तिलाई इमाम भन्दछन् । इमामको अर्थ इस्लिामिक पुरोहित वा पण्डित हो जसले शुद्ध चरित्र बोकेको हुनुपर्छ । सबै मुसलमान इमाम बन्न सक्छन् किनकि यस का लागि खास प्रक्रिया छैन केवल व्यक्तिको आचरण इस्लिामिक चरित्र अनुसार शुद्ध हुनुप-यो । नमाज पढ्ने तरिकामा पनि फरक छ । नमाज बिभिन्न प्रकारका हुन्छन् । जसमा फर्ज, सुन्नत ,नफिल हुन् । फर्ज नमाज प्रत्येक मुसलमानका लागि अनिवार्य छ । यो इमामको नेतृत्वमा पढ्छन् । अरु सबै नमाजहरु प्रत्येक व्यक्तिले छुट्टा-छुट्टै पढ्दछन् । नमाज पढ्नु भन्दा पहिले मुख धुने, हात कुहिना सम्म धुने ,टाउको पखाल्ने काम गर्नु पर्छ जसलाई वजु भन्दछन् भने पुरै शरीर नुहाउनेलाई घुसल भन्दछन् । मस्जिदमा कुनै पनि तस्वीर, प्रतिमा, मूर्ति वा काल्पनिक चित्रहरु राखिएको हुँदैन वरु वरिपरि गमलामा फूलहरु राख्ने चलन छ । प्रत्येक मस्जिद खुला हुन्छन् । मस्जिदमा पुरुष मात्र जान्छन् भने महिलाहरुलाई जान प्रतिवन्ध लगाईएको छ ।

### ४.७.३ जकात् (दान)

यो परोपकारी दान हो । यसलाई विश्वका सबै मुसलमानहरुले पालन गर्दछन् ।जकात् दिनु ईश्वरको आज्ञा हो । यसको साधारण अर्थ आफ्नो सम्पतिको पवित्रता हो । यसले लोभ र स्वार्थलाई हटाउन सहयोग गर्दछ । यो हरेक वर्ष रोजाको महिनामा दिइन्छ । जकात्को

नियमनुसार आफ्नो घरको घरमुलीले कुल आम्दानीको हिसाव  रुपैयाँमा गरी त्यसको २.५ प्रतिशत दाहिने हातले दिने चलन छ । उक्त रकम वार्षिक करको रुपमा तिर्नु पर्दछ । यसरी जकात् नदिए वा कम दिएमा पाप लाग्छ भन्ने धार्मिक विश्वासका कारण पनि सबै मुसलमानहरु आफ्नो आम्दानीको केही प्रतिशत दान गर्दछन् । सो दान आर्थिक , सामाजिक तथा शारीरिक रुपमा असहाय  मुसलमानहरुलाई मात्र प्रदान गर्दछन् ।

## ४.७.४ रोजा (व्रत)

मुसलमानहरुको हिजरी सम्वत अनुसार वर्षको नवौ महिना रमजान हो र त्यसमा उपवास बस्ने कार्य लाई रोजा भन्दछन् । यो कठोर हुन्छ  जसमा सबै मुसलमानहरु बिहान ४.३० बजेबाट वेलुका ७.३० बजे सम्म थुक सम्मपनि ननिली निराहार बस्छन् । रोजामा बालबच्चा,बिरामी र गर्भवति महिलालाई  छुट दिएको पाईन्छ  भने वृद्धहरु व्रत बस्न नसकेकोमा सट्टामा अर्को व्रत बसेको व्यक्तिलाई  महिना भरि खाना खुवाउनु पर्ने प्रावधान छ ।

## ४.७.५ हज

हजको साधारण अर्थ मुसलमानहरुको पवित्र धार्मिक तीर्थ यात्रा मानिन्छ । पवित्र तीर्थ स्थलमा गएर उपवास पनि बस्दछन् । सउदी अरेवियामा मक्का र मदिना पबित्र तिर्थ स्थल छन् । त्यहाँ जानका लागि एक महिना पहिला देखि नै तीर्थ यात्रा शुरु गर्दछन् । प्रत्येक मुसलमानले कम्तीमा पनि  जीवनको एक पटक  तीर्थ स्थल जानुपर्छ । मुसलमानहरु कबालाई सात पटक परिक्रमा गरी कालो ढुङ्गालाई म्याँइ खान्छन् । पहिले गरेका पाप र भूलहरु भएमा काटिन्छन् भन्ने विश्वास छ । वास्तवमा मक्का मुहम्मद जन्मिएको र मदिना मृत्यु भएको ठाउँ जहाँ मुहम्मदको कब्री स्थान पनि छ ।  हज गर्न जानका लागि आर्थिक अवस्था बलियो हुनु आवश्यक हुन्छ । नेपालमा हज गर्न जाने मुसलमानहरुको लागि व्यवस्था मिलाउन नेपाल सरकारले  प्रत्येक वर्ष केन्द्रिय हज कमिटी गठन गरी पठाउने गरेको पाईन्छ ।   २०२१ साल देखि प्रत्येक वर्ष नेपालबाट  मुसलमानहरु हज गर्न मक्का मदिना जाने गर्दछन् । जस अनुसार प्रत्येक जिल्लाबाट  हज गर्न जाने व्यक्तिहरु छनोट गरी केन्द्रमा पठाउने र केन्द्रले निर्णय गर्ने गर्छ ।  सामान्यत महिलाहरु भने हज गर्न जादैनन् र स्थानिय मस्जिदमा  बसेर नमाज पढ्छन् ।

अत  इश्लाम धर्म मान्ने मुसलमान समुदायको सामाजिक आर्थिक जीवनमा धर्मले ज्यादै ठूलो प्रभाव पार्दछ । भगवान एउटा मात्र हुन्छन् र कर्म नगरी अधिकार प्राप्त हुन सक्दैन सवै मानिसहरु समान छन् कसैलाई पनि विशेषाधिकार प्राप्त छैन भन्ने मूल आशयका साथ विश्व भरि फैलिएर रहेका पाइन्छ । नेपालमा १२ औं शताब्दीको अन्त्य तिर लवद्दाखको वाटो हुदै तिब्बत पसेर आएका काश्मिरी मुसलमान थिए जतिवेला व्यापारको क्रममा आएका र पछि रत्न मल्लको प्रतिनिधि संग ल्हासामा भेट भएपछि काठमाडौं वोलाइ हातहतियार वनाउन र चलाउन सिकाउनका लागि चौविसे राजाका पालामा पश्चिम पहाड तिर पसेको पाइन्छ । गोरखा जिल्लामा यो समुदायको आगमन पनि राजा द्रव्य शाहको शासनकालमा भएको मानिन्छ । कतिपय इतिहासकारहरुले त नेपालको परम्परागत राजपरिवार नै मूसलमान समूदाय भएको अड्कल काटेका छन् ।

सारांशमा प्रायगरी हरेक समुदायको आ-आफ्नै सामाजिक तथा सांस्कृतिक जीवन पद्दती विध्यमान रहेको हुन्छ त्यसैगरी यो समुदायको पनि केही आफ्नै मौलिक संस्कारहरु रहेको पाइन्छ । सामाजिक पद्दतीमा भने क्रमिक रुपमा स्थानिय परिवेश तथा चालचलन अनुसार नै जनजिवन चल्दै  गएको पाईन्छ । जसमा सानो परिवार ,महिलाको समग्र अवस्थामा क्रमिक सुधार , खानपान तथा सरसफाईमा ध्यान , शिक्षामा पहुँच बढ्दै जानु । यसरी सामाजिक जनजिवनमा क्रमिक रुपमा  परसस्कृतिकरण पर्दै गएता पनि साँस्कृतिक तथा धार्मिक विषयमा भने यो समुदायको झुकाव आफ्नै धार्मिक ग्रन्थ  कुरान अनुसार नै  गर्दै आएको पाइन्छ । जस्तै नामाकरण ,छटवन ,खतना ,निकाह  मृत्यु सस्कार तथा विभिन्न चाडपर्वहरु मनाउने तौरतरिकाहरु पनि आफ्नै किसीमका रहेको पाइन्छ ।

कुनैपनि समुदायको सामाजिक सांस्कृतिक परिवर्तन देखिनुमा विभिन्न कारणहरु मध्य प्रमुख रुपमा वसाईसराई, शिक्षा, सञ्चार, अन्य जातीहरुसँगको सर्म्पक आदि हुन् । यस समुदायमा पनि उल्लेखित  अवस्थामा आएको सकारात्मक परिवर्तनले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । समयको गतिसँगै यस समुदायमा पनि थुप्रै परिवर्तनहरु  देखिएका छन् ।

## ४.८. बसाईसराई

यस समुदायका मानिसहरुको आफ्नै  किसिमको पेशा तथा व्यवसायका लागि  बसाईसराई गरी छोटो तथा लामो दुरीको बसाईमा जाने गरेको पाईन्छ। जसमा मुख्यगरी पुरुषहरु

आर्थिक क्रियाकलापका लागि छोटो तथा लामो समयका लागि स्वदेश तथा विदेश गएको पाईन्छ ।व्यापार तथा व्यवसायका लागि आन्तरिक बसाईसराई भएका छन् भने रोजगारीका लागि वाह्य बसाईसराई भएको देखिन्छ । आन्तरिकमा गाउँबाट सदरमुकाम तथा अन्य शहर र नोकरी तथा रोजगारीका लागि भारत साउदीअरव, दुवई ,कतार, मलेसीया आदि देशहरुमा गएको पाईन्छ ।यही बसाईसराईका कारणले पनि अश्राङ्गका मुसलमानहरुको चालचलन तथा आभूषणमा प्रत्यक्ष रुपमा परसंस्कृतिकरणको प्रभाव परेको देखिन्छ ।

## ४.९ अन्तरजातीय सम्बन्ध

कुनै पनि एक अर्को जाती बीचको सम्बन्धले गर्दा पनि सामाजिक सांस्कृतिक रुपमा परिर्वतन देखिन्छ । कुनै एक जातीको मात्र बाहुल्यता रहेको स्थानमा भन्दा अन्य जातीसँग घुलमिल भई मिलेर बसेका ठाँउमा वढी परिवर्तनहरु देखिन्छ ।अश्राङ्गमा वस्ने ब्राम्हण,क्षेत्री, नेवार,मगर, कामी दमाई आदिसँग यहाँका मुसलमान समुदायको सामाजिक तथा आर्थिक सम्बन्ध रहेको पाईन्छ । जसमा विभिन्न चाडपर्वमा वोलाउने तथा आउने जाने, दैनिक काम काजमा भारोपर्म गर्ने, सुख दुःखमा सरसहयोग गर्ने गरेको पाईन्छ । यसरी अन्य जात जाति संगको समधुर सम्बन्धले गर्दा पनि यस समुदायमा सकारात्मक परिवर्तन देखिन थालेको छ जस्तै पढ्ने संस्कृतीको विकास, सरसफाईमा जोड दिने, गरेको पाईन्छ ।त्यसैगरी सरसफाई एवं विभिन्न चाडपर्व मनाउने तौर तरिकामा पनि क्रमिक रुपमा प्रभाव पर्दै आएको देखिन्छ । इस्लाम धर्म अनुसार आफ्नै चाडपर्वहरु भएता पनि यहाँका मुसलमानहरु हिन्दूहरुको बिचमा रहेकाले हिन्दूहरुको मुख्य चाडपर्वहरु पनि मनाउदै आएको पाईन्छ । जसमा दशै र तिहारमा टिका नलगाएता पनि मिठो मिठो परिकार बनाई खादै रमाइलो गर्दछन भने आफन्तहरुलाई बोलाएर खुवाउने चलन पनि रहेको छ । यहाँका मुसलमानहरुलाई अन्य धर्मका संस्कारहरु मनाउन पर्ने कुनै बाध्यता नभएता पनि रमाइलो र सामाजिक मेलमिलापका लागि परसंस्कृतिकरण हुँदै आएको देख्न सकिन्छ । यसले पनि के प्रस्ट पार्छ भने यो समुदायको अन्य समुदायसंगको सम्बन्ध ज्यादै राम्रो रहेको छ भन्न सकिन्छ ।

## ४.१० सरकारी नीति

सबै जनजाती तथा भाषा भाषीलाई समानताको दृष्टिकोणले हेर्ने तथा सवै जनजातीहरुलाई देश विकासको मुल प्रवाहमा समावेश गर्ने नीति नेपाल सरकारले लिएको छ। आर्थिक तथा सामाजिक रुपमा पिछडिएका जनजातिलाई पनि नीति निर्माण तहमा समावेश गर्न बिशेष आरक्षणको नीति लिएको छ । त्यसै अनुरुप सरकारले शिक्षामा सरल पहुँचका लागि विभिन्न कार्यक्रमहरु संचालन गरेको पाईन्छ जस्तै मदरसालाई औपचारीक शिक्षाको रुपमा मान्यता दिएको छ । हाल आएर सरकारले पिछडीएका जातजाती तथा जनजातीहरुलाई सरकारी तथा अन्य गैरसरकारी सेवाहरुमा आरक्षण तथा समावेशीकरणको व्यवस्था गरेको छ भने राज्यका विभिन्न निकायहरुमा जनसंख्याका आधारमा समान सहभागीताका विषयहरु उठिरहेका छन् जसले गर्दा यस समुदायको प्रतिनिधित्व बढ्नेमा निश्चित देखिन्छ । धार्मिक सहिषुणता नेपालको पहिचान नै भएकोमा २०६३ सालको अन्तरीम संविधानले धर्म निरपेक्ष घोषणासँगै यस समुदायलाई झनै धार्मिक सहजिकरण भएको पाईन्छ ।

## ४.११ राजनीतिक परिवर्तन

नेपालमा विभिन्न जातीय समुदायमा आवद्ध मानिसहरु सामाजिक आर्थिक राजनीतिक अवसर एवं सार्वजनिक प्रशासनको पहुँचवाट वञ्चित छन् । असामाजिकीकरण नेपालको साँस्कृतिक ,राजनीतिक इतिहासको धरोहरका रुपमा रही आएको छ । यसले नेपाली समाजलाई जातीय दृष्टिकोणले धेरै असन्तुलन बनाएको छ । राजनीति प्रति खासै चासो नदिने अश्राङ्गका मुसलमानहरुमा पनि राजनीतिक सचेतना क्रमिक रुपमा अगाडि बढिरहेको पाईन्छ । गा.वि.स.को वडा अध्यक्ष सम्म भएका छन् । विभिन्न पार्टीका गाँउ समितिहरुमा क्रियाशिल रहेको पाईन्छ । सभा संम्मेलनहरुमा भाग लिने विभिन्न विकास निर्माणका कार्यहरुमा चासो दिन थालेका छन् ।

## ४.१२ यातायात र संचारको विकास

यस गा.वि. स.लाई सदरमुकाम बाट कच्चि सडकले जोडेको छ भने प्रत्येक दिन (वर्षाको समय छोडेर) एउटा बस सदरमुकामबाट अश्राङ्ग हुँदै बोर्लाङ्ग छुट्ने गर्दछ । झिँगटेदेखि अमला भञ्ज्याङ सम्म करिब ३ कि. मि. लामो मोटर बाटो यस गा. वि. स. मा पर्छ भने

कृषि सडकका रुपमा अन्य वडाहरुमा सा–साना सडकहरु निर्माणधीन अवस्थामा छन् । ( चित्र संख्या -१७) यस गा. वि. स. को प्रत्येक वडामा बिजुली बिस्तार भइसकेको छ भने खानेपानीको लागि पनि २०५२ साल देखि अश्राङ्ग हेल्थपोष्ट ठाँटी खानेपानी पाइपलाइनबाट ६ र ७ वडा मा र २०६९ सालदेखि करिब १.५ करोड लगानीमा २९० जना उपभोक्तालाई घर-घरै पानीको धारा राखेर मिटर रिडिङ समेत हुने गरी खानेपानीको सुविधा उपलब्ध हुँदै आएको छ ।

सकरात्मक परिर्वतनले विकासलाई सहयोग गर्छ भने झैं यस समुदायको सामाजिक तथा सास्कृतिक परिर्वतनका आधारहरुलाई अध्ययन गर्दा मूख्य रुपमा वसाईसराईमा आन्तरिक तथा वाह्य रहेको पाइयो ।आन्तरिकमा गाँउ वाट सदरमुकाम तिर तथा वजार वाट ठूला सहरमा र वैदेशीक रोजगारीका लागि विदेश पनि गएको पाइयो जसले गर्दा यहाँको चालचलन आभुषणमा पनि परसस्कृतिग्रहण भएको देखिन्छ । सामाजिक मेलमिलाप र भाइचाराको सम्वन्धले गर्दा सामुदायिक वेमेल रहेको पाईदैन । आर्थिक तथा सामाजिक रुपमा पछाडि पारिएका जात जातिहरुलाई विशेष आरक्षणको नीति लिएको छ जसमा यस समुदाय पनि लाभाम्वित भएको पाईन्छ । नेपाललाई धर्म निरपेक्ष राष्ट्को रुपमा २०६३ को अन्तरिम संविधानले स्विकार गरेकोले पनि यो समुदायलाई धार्मिक सहजिकरण भएको पाईन्छ । त्यसैगरी राजनीतिक क्षेत्रमा पनि क्रमिक रुपमा प्रतिनिधित्व वढ्दै गएको देखिन्छ

# पाँचौ अध्याय

## सारांश, उपसंहार तथा सुझाव

### ५.१ सारांश

नेपालमा मुसलमानहरुको प्रवेशको इतिहास धेरै पुरानो छ । उनीहरु हिन्दू तथा अन्य धर्मावलम्बीहरुसंग प्रत्यक्ष सम्बन्ध राख्दछन् । गोरखाका मुसलमानहरु शुरुमा कालीगढ तथा चुरा निर्माणका सिलसीलामा ल्याईएको भएतापनि पछि व्यापारीक हिसाबले बिभिन्न भेगबाट बसाँई सरेर अन्य क्षेत्रमा बसोबास गर्न थालेको पाईन्छ । यिनीहरुले व्यापार ,कृषि राजनीति तथा नेपालको एकिकरणमा समेत महत्वपुर्ण भुमिका खेलेका थिए । तैपनि अन्य जात एवं धर्मावलम्वीहरुको तुलनामा अल्पसंख्यक अवस्थामा रहेका मुसलमानहरु इतिहासको शुरुकाल देखि हाल सम्म गरीब एवं अल्पसंख्यक अवस्थामा नै छन् ।

इस्लामिक धर्मशास्त्र कुरानमा नियम, कानून ,संगठन र व्यवहारमा समेत इस्लामिक व्याख्या भएको पाईन्छ । त्यसैले धर्म सापेक्ष मुसलमान समुदायमा न त नास्तिकताको स्थान रहन्छ वा आस्तिक भएर इस्लाम बाहेक अन्य धर्मावलम्बीहरुको स्थान रहन्छ । यस्तो स्थितिमा उनीहरुमा खानपिन, वस्त्रआभूषण, भाषा आदि कुराहरुमा मुख्यगरी इस्लामिक प्रभाव परेको छ तैपनि नेपाली समाजमा वस्ने भएकोले अश्राङ्ग गा.वि. स. का मुसलमानहरुमा हिन्दू परम्पराको छाप परेको देखिन्छ । जस्तै उदाहरणका लागि इस्लामिक धर्मशास्त्र अनुसार एक पुरुषले चार विवाह गर्न पाउने भएता पनि एक विवाह गर्नेको संख्या अधिक रहेको छ । यहाँका पुरुषहरुले दौरा ,सुरुवाल, कोट, नेपाली ढाका टोपी तथा महिलाहरुले चुरा,पोते,साडी चोलो तथा सुनका गहना लगाउने गरेका छन् । महिलाहरुले परम्परागत रुपमा रहेको बुर्कालाइ लगाएको पाइदैन । त्यसैले यस सम्बन्धमा उद्दार दृष्टिकोण अपनाएका छन् । संगठनात्मक रुपमा मुसलमानहरु पनि संगठित हुन पाउन भन्ने मनसायले सगठन खोल्ने स्वतन्त्रता उपभोग गर्न पाएका छन् । मद्रसाको स्थापना र संचालन गर्न दिएर नेपाल सरकारले पनि केही आर्थिक सहयोग प्रदान गरेको छ । मद्रसामा इस्लामिक कोर्स अनुसारको उर्दू ,फारसी कुरान भाषाको पढाइ संचालन र प्रार्थना गर्न स्वतन्त्रता छ तर मुसलमानहरुलाई धर्म परिवर्तनका लागि भने रोक लगाइएको छ ।

यस समुदायको शैक्षिक, राजनैतिक, सामाजिक अवस्था यहाँका अन्य जातजातीको तुलनामा कमजोर नै रहेको देखिन्छ । हाल आएर सबै बालबालिकाहरु स्कुल जान थालेका छन् । बिस्तारै विरामी पर्दा अस्पताल जाने बानीको बिकास भएको छ । मुख्य व्यावसायका रुपमा कृषि लाई आधार बनाएका यहाँका मुसलमान समुदायहरुले अन्य पेशाको रुपमा व्यापार तथा वैदेशिक रोजगारले पनि आर्थिक पक्षलाई सबल बनाउन महत्वपुण भुमिका खेलेको देखिन्छ ।

यस समुदायमा महिलाहरुको स्थिति पुरुषको तुलनामा पछाडि भएपनि अन्य समुदायका महिलाहरुको जस्तै रहेको पाईन्छ । क्रमिक रुपमा पुरुषहरुले घर व्यवहार तथा बाह्यि कामकाजमा सरसल्लाह गर्न थालेको पाईन्छ । त्यसैगरी उनीहरुको आफ्नै किसिमका चाडपर्व र रहनसहनहरु रहेको छ । समयको गतिसंगै यस समुदायमा पनि क्रमिक रुपमा सकारात्मक परिवर्तनका संकेतहरु देखा परेका छन् । जसमा एकल बिवाह, खानपान, चाडपर्व, स्वास्थ्य, पारपाचुकेको प्रक्रिया, शिक्षा , भाषा आदि । जसले गर्दा यस समुदायलाई अन्य समुदायहरु सँगको सम्बन्धमा सहजता आएको देखिन्छ ।

## ५.२ उपसंहार

इस्लाम धर्मावलम्वी मुसलमानहरुको सामाजिक सांस्कृतिक जीवनमा उनीहरुको धार्मिक आर्दश र मान्यताहरुको प्रभाव गहिरो रुपमा रहेको पाईन्छ । कुरानमा उल्लेखित आदर्शलाई नै जीवनको मार्गदर्शक सम्झने इस्लाम धर्मावलल्वीहरु धार्मिक कट्टरता निष्ठाका लागि संसारभर नै प्रख्यात छन् । त्यसैले पनि भन्ने गरीन्छ इस्लामहरुको राष्ट्रियता र भौगोलिक सीमा हुँदैन । राष्ट्रियता भनेको नै इस्लाम हो । यो अध्ययन पनि धार्मिक कट्टरतावादमा विश्वास राख्ने तिनै समुदायमा केन्द्रित छ । क्षेत्रगत अध्ययन ,प्रत्यक्ष अवलोकन विधिको अवलम्वनको साथै मुसलमान संप्रदायमा आधारीत पूर्व अध्ययनको निष्कर्ष, उपलब्ध पूर्व साहित्यहरुको र नेपालको राजनैतिक ,आर्थिक इतिहासको अध्ययन गर्दा गोरखा जिल्ला अश्राङ्ग गा. वि. स. वडा नं. १ मा स्थायी बसोबास गर्ने मुसलमानहरुले विषम परिस्थिति र नितान्त नौलो वातावरणमा पनि कतिपय धार्मिक ,सांस्कृतिक आदर्शलाई निरन्तरता दिएर आफ्नो धर्म एवं अल्लाह प्रतिको निष्ठा र कटरपनाको परिचय दिएका छन् भने कतिपय पक्षमा भने अन्य सांस्कृतिक समुहको प्रभाव प्रत्यक्ष रुपमा देख्न सकिन्छ । यहाँका मुसलमानहरुको जिवनशैलिमा हिन्दूहरुसंगको निरन्तर सर्म्पकले आमुल परिर्वतन ल्याउन

नसकेपनि उनीहरुको गोरखा आगमन पृष्ठभुमी र अन्य आम मुसलमान समुदायकको जिवन पद्दतीसंग तुलना गर्दा भने प्रत्यक्ष परिर्वतन देखिन्छ ।

एक ईश्वरमा विश्वास गर्ने , मूर्ति पुजाको विरोध गर्ने ,अल्लाह माथिको अटल विश्वास , मस्जिदमा गएर प्रार्थना गर्ने ,दिनको पाँच पटक नमाज पढ्ने ,जन्म देखि मृत्य संस्कार , जनावरहरुको हलाल गर्ने प्रकृया ,ईद , रमजान आदि विभिन्न चाडपर्वहरु र तिनीहरु मनाउने प्रक्रिया बिच गोरखा अश्राङ्गका मुसलमान र अन्य आम मुसलमान बिच समानता पाईन्छ । हिन्दूहरुसँगको यति लामो निरन्तर सम्पर्कबाट पनि यी पक्षहरुमा परिर्वतन भएको पाइन्न ।

नेपालमा मुसलमानहरुको प्रवेशको इतिहास धेरै पुरानो छ । उनीहरु हिन्दू तथा अन्य धर्मावलम्बीहरुसँग प्रत्यक्ष सम्बन्ध राख्दछन् । गोरखाका मुसलमानहरु सुरुमा कालीगढ तथा चुरा निर्माणका सिलसीलामा ल्याईएको भएतापनि पछि व्यापारीक हिसाबले विभिन्न भेगबाट बसाँई सरेर अन्य क्षेत्रमा बसोवास गर्न थालेको पाईन्छ । यिनीहरुले व्यापार ,कृषि राजनीति तथा नेपालको एकिकरणमा समेत महत्वपूर्ण भूमिका खेलेका थिए । त्यसैले नेपालको राजनीतिक व्यवस्था, भौगोलिक व्यवस्था तथा नेपालको इतिहाससंग मुस्लिमहरु परिचत हुँदै आएका छन् ।तैपनि अन्य जात एवं धर्मावलम्वीहरुको तुलनामा अल्पसंख्यक अवस्थामा रहेका मुसलमानहरु इतिहासको शुरुकालदेखि हाल सम्म गरीब एवं अल्पसंख्यक अवस्थामा नै छन्

इस्लामिक धर्मशास्त्र कुरानमा नियम, कानून ,संगठन र व्यवहारमा समेत इस्लामिक व्याख्या भएको पाईन्छ । त्यसैले धर्म सापेक्ष मुसलमान समुदायमा न त नास्तिकताको स्थान रहन्छ वा आस्तिक भएर इस्लाम बाहेक अन्य धर्मावलम्बीहरुको स्थान रहन्छ । यस्तो स्थितिमा उनीहरुमा खानपिन, वस्त्रआभूषण, भाषा आदि कुराहरुमा मुख्यगरी इस्लामिक प्रभाव परेको छ तैपनि नेपाली समाजमा वस्ने भएकोले अश्राङ्ग गा.वि. स. का मुसलमानहरुमा हिन्दू परम्पराको छाप परेको देखिन्छ । जस्तै उदाहरणका लागि इस्लामिक धर्मशास्त्र अनुसार एक पुरुषले चार विवाह गर्न पाउने भएता पनि एक विवाह गर्नेको संख्या अधिक रहेको छ । महिलाहरुले परम्परागत रुपमा रहेको बुर्कालाइ लगाएको पाइदैन । त्यसैले यस सम्बन्धमा उद्दार दृष्टिकोण अपनाएका छन् । संगठनात्मक रुपमा मुसलमानहरु पनि संगठित हुन पाउन भन्ने मनसायले सगठन खोल्ने स्वतन्त्रता उपभोग गर्न पाएका छन् । मद्रसा स्थापना गरी संचालन गर्न दिएर नेपाल सरकारले पनि केही आर्थिक सहयोग प्रदान गरेको छ । मद्रसामा

इस्लामिक कोर्स अनुसारको उर्दू ,फारसी , कुरान भाषाको पढाइ संचालन र प्रार्थना गर्न स्वतन्त्रता छ तर मुसलमानहरुलाई धर्म परिवर्तनका लागि भने रोक लगाइएको छ । यस समुदायको शैक्षिक, राजनैतिक, सामाजिक अवस्था यहाँका अन्य जातजातीको तुलनामा कमजोर नै रहेको देखिन्छ । हाल आएर सबै बालबालिकाहरु स्कुल जान थालेका छन् । विस्तारै विरामी पर्दा अस्पताल जाने बानीको विकास भएको छ । मुख्य व्यावसायका रुपमा कृषिलाई आधार बनाएका यहाँका मुसलमान समुदायहरुले अन्य पेशाको रुपमा व्यापार तथा वैदेशिक रोजगारले पनि आर्थिक पक्षलाई सबल बनाउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । यस समुदायमा महिलाहरुको स्थिती  पुरुषको तुलनामा पछाडि भएपनि अन्य समुदायका महिलाहरुको जस्तै रहेको पाईन्छ ।  क्रमिक रुपमा पुरुषहरुले घर व्यवहार तथा बाह्य कामकाजमा सरसल्लाह गर्न थालेको पाईन्छ । यस समुदायमा नामाकरण, छटवन, खतना तथा मृत्यु संस्कार प्रचलनमा रहेको  छ । त्यसैगरी उनीहरुको आफ्नै किसिमका चाडपर्व र रहनसहनहरु रहेको छ । समयको गति सँगै यस समुदायमा पनि क्रमिक रुपमा सकारात्मक परिवर्तनका संकेतहरु देखा परेका छन् । जसमा एकल विवाह, खानपान,चाडपर्व, स्वास्थ्य, पारपाचुकेको प्रक्रिया, शिक्षा , भाषा  आदि । जसले गर्दा यस समुदायलाई अन्य समुदायहरुसंगको सम्बन्धमा सहजता आएको देखिन्छ ।

त्यसकारण यो अध्ययनले अश्राङ्ग गा. वि. स.का मुसलमानहरुको सम्बन्धमा निम्न तथ्यहरु एकत्रित गर्न सफल भएको पाईन्छ ।

- नेपाल एकिकरणको क्रममा हातहतियार निमार्ण गर्ने प्राविधिक जनशक्तिको रुपमा पृथ्वी नारायण शाहले गोरखा राज्यमा भित्र्याएको पाईन्छ ।
- परम्परागत रुपमा रहेको  डोकामा चुरा राखेर व्यापार  गर्ने चलनलाई आधुनिक तरिकाले व्यापारीक केन्द्रहरुमा राखेर बेच्ने गर्दछन् । त्यसैगरी सरकारी तथा निजी नोकरीमा पनि संलग्न भएको पाइयो र स्वदेशमा मात्र नभएर विदेशमा समेत गएर नोकरी गरी आय-आर्जन गर्ने गरेको पाइयो ।
- शैक्षिक चेतना मुसलमान समुदायमा बढ्दो मात्रामा रहेको पाईन्छ । भाषा एवं धर्म संरक्षणको  क्रममा  तिन वटा मदरसा तथा एउटा प्रा.  वि. स्कुल यहि गाउँमा रहेको साथै अर्को श्री नव जागृति  चण्डी उच्च मा. वि. मा पनि मुसलमान विद्यार्थी

अध्ययनरत् छन् । शिक्षामा सहभागी विद्यार्थी हेर्दा छोरा र छोरी बिच भेदभाव रहेको पाइन्न ।

- विवाह संस्कारका तर्फ हेर्दा इस्लाम कानुन अनुसार भन्दा हिन्दू संस्कारको प्रभाव बढी रहेको पाईन्छ भने पारपाचुकेको बारेमा पनि देशको अदालति प्रक्रिया अपनाएको पाईन्छ ।
- वस्त्र आभुषणमा पनि अन्य समुदायको प्रभाव परेको पाईन्छ भने युवा पुस्ताका मुसलमानहरुले अन्य सांस्कृतिक समुहको प्रभावको कारण दाह्री पालेको पाईदैन ।
- दशैको समयमा टिका नलगाए पनि उनीहरु भैसी काटेर र घरघरमा विभिन्न परिकारहरु बनाइ खाएर हिन्दूहरु संगै खुसियालीमा सहभागी हुने गरेको पाईन्छ ।

यसरी उपयुर्क्त कुराहरुलाई दृष्धिगत गर्दा अश्राङ्गका मुसलमानहरुमा केही धार्मिक कट्टरताका कुराहरु बाहेक अन्य अधिकांश कुराहरुमा परसंस्कृतिग्रहणको प्रभाव परेर उनीहरुका व्यवहारीक जीवन शैलीमा क्रमिक रुपमा परिर्वतन भएको पाईन्छ ।

## ५.३ सुझाव

गोरखा जिल्ला अश्राङ्ग गा.वि. स. का मुसलमानहरुको सांस्कृतिक अवस्थाको वारेमा गरिएको यस अध्ययन पश्चात निर्ष्कषको आधारमा निम्न सुझावहरु प्रस्तुत गरीएको छ ।

- मुसलमान समुदायका विद्यार्थीहरुलाई उच्च मा.वि. सम्मको निःशुल्क शिक्षाको व्यवस्था गर्नुपदर्छ ।
- मुसलमान समुदायको शैक्षिक चेतना अभिबृद्धि गर्ने कार्यक्रमहरुको संचालन गर्ने,
- आधुनिक तरिकाबाट कृषि तथा पशुपालन व्यावसाय गर्नका लागि उपयुक्त प्रविधि तथा तालिम सम्बन्धी कार्यक्रम संचालन गर्ने,
- मुसलमान महिलाहरुका लागि क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने

# सन्दर्भ सामाग्रीहरु

## नेपाली भाषाका सन्दर्भ सामाग्रीहरु


के.सी., टंक, **नेपालको संस्कृतिपर्यटन र प्रकृति,**काठमाडौं :लोक संगितकला अकादमी, नेपाल प्रथम संस्करण, २०६१ ।

के.सी., मिनबहादुर, **मुसलमानजातीहरुको सामाजिक,आर्थिक तथा सांस्कृतिक जीवनको एक अध्ययन**(एम. ए.)(समाजशास्त्र तथा मानवशास्त्र)(अप्रकाशित)(शोध पत्र)त्रि.चन्द्र क्यापस, काठमाडौं, २०४६

केन्द्रीय तथ्याङ्क विभाग ,**डिस्ट्रीक प्रोफायल**, काठमाडौं : नेपाल सरकार केन्द्रीय तथ्याङ्क

विभाग , २०६९ ।

**गोरखा पार्श्व चित्र**, गोरखा : जि.वि.स. कार्यालय ,२०६९ ।

तिलारा,कुवर सिहं, सरन एम के जिताङ्क, **समाजशास्त्र दिग्दर्शन** : लखनउ, प्रकाशन

केन्द्र, १९३० ।

पाण्डेय,मधुसुदन, **नेपालका जनजातीहरु,**काठमाडौं : पैरवीप्रकाशन, २०६५ ।

प्रधान, पारसमणि , **इस्लाम दर्शन**,कालिम्पोङ : एम. एम. सिद्धिकी,१९७४ ।

दाहाल, पेशल र सोम प्रसाद खतिवडा, **अनुसन्धान पद्धति,** काठमाडौं : एम. के. पब्लिसर्स

एण्ड डिष्टीब्युटर्स, २०५९ ।

दुलाल, टंक प्रसाद**विश्वका प्रमुख कानूनी प्रणालीहरु**ःकाठमाडौं , पैरवी प्रकाशन, २०५४

बिष्ट, डोर वहादुर ,**सबै जातको फुलवारी,** काठमाडौं : साभ्ता प्रकाशन,२०४२ ।

भुसाल,शान्ती,**पोखरा कुडहरका मुस्लिमहरुको सामाजिक सांस्कृतिक तथा धार्मिक**

**जीवनको एक अध्ययन**(एम.ए.)(समाजशास्त्रतथामानवशास्त्र )(अप्रकाशित)(शोध पत्र)त्रि.विकिर्तीपुर काठमाडैं, २०४६ ।

आचार्य, महेशकुमार,**गण्डकी क्षेत्रका मुसलमानहरुको संस्कृति र सांस्कृतिक परिवर्तन**(पिएच. डी) (मानविकीतथा सामाजिकशास्त्र सङ्काय, संस्कृति विषयको विद्यावारिधि उपाधिकालागि) ( अप्रकाशित)(शोध-प्रबन्ध) त्रिभुवन विश्व विद्यालय काठमाडौं , २०१० ।

नवजागृति चण्डी , **स्मारिका ,**गोरखा : किशोर अफसेट प्रेस, २०६९ ।

मौदूदी, मौलाना सैय्यदअबूलआला, (२०५६ वि.स.) **इस्लाम दर्शन** , काठमाडौंः इस्लामी संघ नेपाल ।

शर्मा जनकलाल, **हाम्रो समाज एक अध्ययन** : काठमाडौं साभ्ताप्रकाशन ,२०२९ ।

शर्मा बालचन्द्र, **नेपालको ऐतिहासिक रुपरेखा**ः वाराणसी, कृष्ण कुमारी देवी, २०३९ ।

शाह, जबी , **मुसलमान धर्म परम्परा एक भ्तलक** गरिमा मासिक , २०४० ।

अश्राङ्गगा.वि.स., **अश्राङ्ग गाउँ पार्श्व चित्र**, अश्राङ्ग : गा.वि.स. को कार्यालय , २०६९ ।

## अङ्ग्रेजी भाषाका सन्दर्भ सामाग्रीहरु

Agrawal G. K, **Indian Social Institution**: Agra, Shahity Bhawan, 1970

Bista, DorBhadur, **People of Nepal** Kathmandu: Ratna Pustake Bhandar ,1972